**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- देशभरि डेंगु रोग देखापरिरहेको छ। रोकथामका लागि लामखुट्टे नियन्त्रण गरौं । घर वा बाहिर कहीं–कतै पानी जम्न नदिउँ। बाल्टिन, टायर, गमला, एसी, कूलरमा पनि यसले फुल पार्छ । नियमित सरसफाइ गरौं। सतर्क रहौं र रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिने सोच विकसित गरौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 09 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३८

## मुख्य सडक फराकिलो हुने विषयमा महानगर नै सशङ्कित

## २५ मिटरभित्रै महानगरद्वारा नै निर्माण कार्य गरिंदै

प्रस, वीरगंज, २४ साउन/

वीरगंजको मुख्य सडक फराकिलो हुने विषयमा वीरगंज महानगरपालिका पछिल्लो समयमा आएर विश्वस्त हुन सकेको छैन ।


नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएसँगै दुई वर्षदेखि मुख्य सडक फराकिलो गर्ने विषयमा दृढ देखिए पनि अदालतले अहिलेसम्म यो विषयलाई टुङ्गो लगाउन सकेको छैन। नगरप्रमुख सिंहले अदालतबाट मुख्य सडक फराकिलो गर्ने विषयमा निर्णय भएपछि आफू तदारूकताका साथ लागिपर्ने बताउँदै आएका छन् तर नगरप्रमुख सिंहकै मातहतमा रहेको महानगरपालिकाले भने मुख्य सडकको २५ मिटरभित्रै जनस्वास्थ्य प्रयोगशाला निर्माण गरेको छ ।

पुरानो वारुणयन्त्र रहेको हाल सशुल्क पार्किङ बनाइएको भूमिसुधार तथा मालपोत कार्यालय, पर्साअगाडिको महानगरको खाली जग्गामा जनस्वास्थ्य प्रयोगशाला निर्माण गरिएको छ । यो प्रयोगशाला मुख्य सडकको २५ मिटरभित्र पर्दछ। शुरूमा प्रयोगशाला निर्माण गरेको महानगरले अहिले पर्खाल र मुख्य गेट पनि निर्माण गर्दैछ । नगरप्रमुख सिंहले यसअघि सो प्रयोगशाला मुख्य सडक फराकिलो हुने क्रममा हटाउने गरी निर्माण गरिएको बताएका थिए तर अहिले सोही क्षेत्रमा पर्खाल र प्रवेशद्वार पनि निर्माण गरिएको छ। यसले महानगर मुख्य सडक फराकिलो हुने विषयमा विश्वस्त नभएको देखिन्छ ।

महानगर अन्तर्गतकै सामुदायिक विद्यालय महावीरप्रसाद रघुवीर राम त्रिजुद्ध माविमा पनि मुख्य सडकको २५ मिटरभित्रै थप निर्माण कार्यहरू भइरहेका छन् । सो विद्यालयको अगाडि पसल, सटरहरू भएका संरचना नै २५ मिटरभित्र परे पनि अहिले सो संरचनासँगै टाँस्सिएर विभिन्न व्यवसायको लागि थप जग्गा उपलब्ध गराउँदै नयाँ निर्माण कार्य थालिएका छन् ।

मुख्य सडक विस्तारको मुद्दा सर्वोच्चमा लामो समयदेखि चल्दै आएको छ र अहिले यसको पेशी हेर्दाहेर्दैमा साउन २७ गते तोकिएको छ ।

यस अघि ३२ पटक यो पेशीलाई सर्वोच्चले हेर्न नभ्याएर हेर्दाहेर्दैमैं राखेको हो । अदालतबाट निर्णय हुन नसकेपछि अहिले महानगरले मुख्य सडक फराकिलो नहुने निर्क्योल गरेर आफ्नै लगानीमा २५ मिटरभित्रै निर्माण कार्यहरूलाई तीव्रता दिएको देखिन्छ ।



मुख्य सडकको २५ मिटरभित्र वडा नं ३ मा महानगरले निर्माण गरेको जनस्वास्थ्य प्रयोगशाला । तस्वीरः प्रतीक

## जम्बो मन्त्रालय गठनप्रति जनमतको असन्तुष्टि

प्रस, वीरगंज, २४ साउन/

मधेस सरकारमा दलीय भागबन्डा मिलाउन जम्बो मन्त्रिमण्डल गठन गरेसँगै अहिले सामाजिक सञ्जालमा चर्को आलोचना शुरू भएको छ । मधेसमा आफू इमानदार पार्टी रहेको जनमत पार्टीबाट मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले दलीय भागबन्डामा जम्बो मन्त्रिमण्डल बनाएको र उनीहरूको एकमात्र काम विगतमा जसपा नेपाल नेतृत्वको सरकार सरह पैसा कमाउने, लुटने जस्ता शब्दहरू लेखी मधेसको जनताले आलोचना शुरू गरेपछि जनमत पार्टी चर्को दबाब परेको जनमत पार्टीकै नेताहरूले बताउन थालेका छन् ।

सो पार्टीका एक नेताका अनुसार सरकार चलाउनु र सरकारबाहिर बसेर विरोध गर्नुमा ठूलो अन्तर रहेको छ । विगतको सरकारभन्दा जनमतको सरकारले केही गर्ला भन्ने आसमा बसेको जनता पार्टीको यस रवैयाका कारण मधेस प्रदेश सरकारको भविष्य नै समाप्त हुने पनि जनमतका नेताहरूको भनाइ छ।

१५ जना सहभागी मन्त्रिमण्डलमा मुख्यमन्त्री सिंहले गत मङ्गलवार थप पाँचजनालाई राज्यमन्त्रीमा नियुक्त गरेपछि आलोचनासँगै मधेस प्रदेश सरकारमा आर्थिक भार थपिएको नेताहरूले प्रतिक्रिया दिन थालेका छन् । वीरगंजका एक नेताले मन्त्री मात्र थपेर होइन गठबन्धनले जनताको हितविपरीत कार्य गरेर उपेन्द्र यादवजस्तै सिके राउतलाई सिध्याउन लागिपरेको आशङ्का जाहेर गरे । उपेन्द्र यादलको खरो विरोधमा उत्रेका जनमत पार्टीका अध्यक्ष सिके राउतलाई मधेसमा नै असफल बनाउने योजनासहित गठबन्धन लागिपरेको कतिपय नेताहरूको बुझाइ छ। चार दल मधेस सरकारमा सहभागी छन्। मधेस प्रदेश मन्त्रिमण्डलमा एकजना मुख्यमन्त्री, ११ जना मन्त्री र आठजना राज्यमन्त्री छन्। उनीहरूको तलबबापत मात्र मासिक ११ लाख आठ हजार ४७ रुपैयाँ खर्च हुने गरेको छ। यसको अलावा उनीहरूले पाउने सेवासुविधाबापतका खर्च छुट्टै छन्। यस हिसाबले मुख्यमन्त्रीको तलबमा ६२ हजार ९७९, मन्त्रीहरूको तलबमा छ लाख ५७ हजार ५८९ र राज्यमन्त्रीहरूको तलबमा चार लाख ६७ हजार ९२९ गरी कुल ११ लाख आठ हजार ४७९ रुपैयाँ मासिक खर्च हुनेछ ।



तस्वीरः सौजन्य

## मधेस सरकारले औद्योगिक तालीम प्रदान गर्ने

प्रस, जनकपुर, २४ साउन/

मधेस प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाम, धनुषाले आव २०८१/८२ देखि मधेस प्रदेशमा औद्योगिक प्रशिक्षार्थी तालीम सञ्चालन गर्ने भएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) अन्तर्गतका शिक्षालयमार्फत १४० जना बेरोजगारी युवाहरूलाई २४ महीने प्रि–डिप्लोमा तहको अप्रेन्टिशिप तालीम सञ्चालन गर्न मन्त्रालयले चारवटा शिक्षालय छनोट गरेको मन्त्रालयका शाखा अधिकृत लक्ष्मण रामले बताए।

चालू आवमा निर्मल लामा बहुप्राविधिक शिक्षालय बर्दिवास, महोत्तरीले होटल व्यवस्थापन विषयमा ४० जना, विपी स्मृति बहुप्राविधिक शिक्षालय, सपही, धनुषाले इलेक्ट्रिकल इन्जिनीयरिङ विषयमा ३० जना, दीपनारायण आदर्श नमूना मावि, औराहा, पंचगावाँ, पर्साले सूचना प्रविधि विषयमा २० जना तथा प्रारम्भिक बालविकास सहजकर्ता विषयमा २० जना प्रसौनी बहुप्राविधिक शिक्षालय प्रसौनी, बाराले इलेक्ट्रिकल इन्जिनीयरिङमा ३० जनालाई तालीम प्रदान गर्ने योजना रहेको शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त प्रदेश सचिव महेन्द्र महतोले बताए ।

औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमको २४ महीनाको अवधिमध्ये प्रशिक्षार्थीहरूले ४.५ महीना सम्बन्धित शिक्षालय र १९.५ महीना सम्बन्धित उद्योगमैं सीप सिक्ने भएकाले प्रशिक्षार्थीहरूको सिकाइ उपलब्धि राम्रो हुने र सिकाइको क्रममैं प्रशिक्षार्थीहरूले न्यूनतम ज्यालासमेत पाउने भएकोले अप्रेन्टिशिप कार्यक्रम बेरोजगारी युवाहरूका लागि वरदान साबित हुने इन्स्योर परियोजना, मधेस प्रदेशका प्राविधिक संयोजक भरत सहनीले बताए।

शिक्षा तथा संस्कृति मन्त्रालयका शाखा अधिकृत प्रदीपकुमार साहले सञ्चालन गरेको औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमको अभिमुखीकरणमा स्वागत शाखा अधिकृत लक्ष्मण रामले गरेका थिए भने सो अभिमुखीकरण कार्यक्रमको सहजीकरण इन्स्योर परियोजना, कोशी प्रदेशका प्रबन्धक सञ्जीवकुमार राईले गरेका थिए ।



## मधेस प्रदेश ट्राफिक प्रहरीद्वारा एक वर्षमा २३ करोड राजस्व सङ्कलन

प्रस, जीतपुर, २४ साउन/

मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैया बाराले आव २०८०/८१ मा २३ करोड ३० लाख ७९ हजार ७५६ जरिवाना असुल गरी राजस्व दाखिला गरेको कार्यालय प्रमुख प्रहरी उपरीक्षक भीमकिरण बोगटीले जानकारी गराएका छन्।

उनले आव २०८०/८१ मधेसका आठ जिल्लामा छ हजार ५८ वटा दुर्घटना भएकामा ५३० जनाको मृत्यु र नौ हजार ७४५ जना घाइते भएको बताए ।

यस अवधिमा सप्तरीमा ६३८ वटा दुर्घटना भएकामा ५६ जनाको मृत्यु र एक हजार ५१ जना घाइते भएका छन् भने सिराहामा ९७५ वटा दुर्घटनामा ६८ जनाको मृत्यु एक हजार ५७९ जना घाइते, धनुषामा एक हजार ११ वटा दुर्घटनामा ७४ जनाको मृत्यु र एक हजार ७३० जना घाइते भएका छन् । त्यस्तै, महोत्तरीमा ५०४ वटा दुर्घटनामा ६८ जनाको मृत्यु र ७७२ जना घाइते भएका छन् भने सर्लाहीमा ६८७ वटा दुर्घटनामा ७२ जनाको मृत्यु र एक हजार ११८ जना घाइते भएका छन्। रौतहटमा ६७३ वटा दुर्घटनामा ६६ जनाको मृत्यु र एक हजार ७४ जना घाइते भएका छन् । बारामा ९४६ वटा दुर्घटनामा ७५ जनाको मृत्यु र एक हजार ६१७ जना घाइते भएका छन् भने पर्सामा ५४४ वटा दुर्घटनामा ५१ जनाको मृत्यु र ८०४ जना घाइते भएका प्राप्त तथ्याङ्कमा उल्लेख छ। प्रउ बोगटीका अनुसार सवारीसाधन तथा सवारी चालकको गलती तथा कमीकमजोरीको मात्रा बमोजिम रु पाँच सयदेखि रु पाँच हजारसम्म जरिवाना गरिन्छ । यस कार्यालय अन्तर्गत आठ जिल्लामा दुई लाख ५९ हजार सवारीसाधनका चालकलाई जरिवाना गरिएको बताए ।



तस्वीरः सौजन्य

## हराएकी सविता रूखमा झुन्डिएको अवस्थामा फेला

प्रस, पर्सागढी, २४ साउन/

पर्सागढी नगरपालिका–४ भेडाहा, मुसहरी निवासी एकजना युवतीले पासो लगाएर आत्महत्या गरेकी छन्। स्थानीय दीपक रामकी छोरी १८ वर्षीया सविता कुमारीले घरनजीकको अम्बाको रूखमा पासो लगाएर आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले जनाएको छ ।

गाउँका स्थानीयहरूले बिहान सविता रूखमा झुन्डिएको अवस्थामा देखेपछि स्थानीय बडनिहार प्रहरी चौकीलाई खबर गरेका थिए । घरपरिवारका मानिसले भने बुधवार राति सविता घरमा नआएको र उनको खोजी भइरहेको बताएका थिए। तर यसबारेमा प्रहरीलाई भने खबर गरिएको थिएन । बिहान अम्बाको रूखमा झुन्डिएको अवस्थामा मृत भेटिएकी सविताले आत्महत्या गरेको हो वा उनको हत्या भएको भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाइएको छ। शल्यपरीक्षण प्रतिवेदन आएपछि घटनाबारेमा थप कुरा बाहिर आउने र अहिले थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## विचारसार र सूक्तिहरू

**आफ्नो दु:ख सबैलाई नबताउनुस्, किनकि सबैको घरमा मलम हुँदैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# केरालाई छुट्टै कोड किन ?

**सङ्घीय कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीको हालै वीरगंज आगमन हुँदा कृषि सचिव दीपककुमार खरालले एउटा महत्त्वपूर्ण मुद्दा उठाएका छन् । "केरा र अन्य फलफूलका 'एचएस कोड' एउटै रहेकाले स्वदेशी केराखेती गर्ने कृषक मर्कामा परेका छन् । यो समस्या समाधानका लागि आवश्यक सहजीकरण होस्," कृषि सचिव खरालको आग्रह थियो । नेपालमा केरा उत्पादन कृषि क्षेत्रको एक महत्त्वपूर्ण हिस्सा हो । यहाँ वार्षिकरूपमा लगभग दुई लाख टन केरा उत्पादन हुन्छ । मोरङ, झापा, सुनसरी, सप्तरी, चितवन, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरलगायत जिल्लाका प्रमुख बाली नै केराखेती हो । सहायक बालीको रूपमा लगाइने जिल्लाहरू धेरै छन् । करीब २३ हजार हेक्टर जमीनमा केराखेती भइरहेको तथ्याङ्क छ । तथ्याङ्कमा आउन नसकेका क्षेत्र अरू धेरै हुन सक्छन् । उत्पादन क्षेत्रहरूमा आधुनिक प्रविधि र वैज्ञानिक विधिहरूको प्रयोग गर्दै उत्पादन वृद्धि गर्ने प्रयास भइरहेका छन् । नेपालबाट अन्य मुलुकमा केरा निर्यात भइरहेको अवस्था छ भने अन्य मुलुकबाट पनि केरा यहाँ आयात भइरहेको छ । यसको मतलब आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा केराको प्रतिस्पर्धा दह्रो छ । मुलुकका हजारौं जनशक्तिले केराखेतीमार्फत स्वरोजगार प्राप्त गरेका छन् ।**

**यति हुँदा पनि केराको 'एचएस कोड'को समस्याबारे कतैबाट आवाज उठेको छैन । कृषि सम्बद्ध सङ्घ/सङ्गठन, राजनीतिक दल वा सरकारको तहबाट यसबारे छलफल चलाएको पाइँदैन । कृषि सचिवले कुरा उठाउनु अघि र उठाइसकेपछि पनि चर्चा र चासो छैन । एउटै कोडको कारण जति समस्या आएको छ, समस्या किन आयो भन्नेबारे कतिपय कृषकलाई पनि थाहा छैन । कुरोको चुरो नबुझेपछि 'भगवान्भरोसे' ठान्न बाध्य छन् । 'एचएस कोड' व्यापारमा प्रयोग हुने एउटा अन्तर्राष्ट्रिय सङ्केत हो, वस्तुहरूको वर्गीकरण र चिन्नका लागि यसको प्रयोग गरिन्छ । हाम्रो मुलुकमा प्रारम्भमा व्यापार सुविधा र प्रशासनिक सजिलोको लागि केरा र अन्य फलफूलहरूको कोड एउटै राखिएको थियो । कोड एउटै हुँदा विभिन्न समस्याहरू छन् । सरकारी समर्थन मूल्य निर्धारण र केराखेतीका लागि सरकारले दिनुपर्ने अनुदान तथा दातृ निकायले दिनुपर्ने सहुलियतसम्बन्धी नीतिगत व्यवस्थापनमा समस्या हुन्छ । त्यहाँ केरा भनेर चिनिंदैन, कोड हेर्ने हो ।**

**भन्सार सम्बन्धमा पनि त्यस्तै समस्या छ । भारतलगायत अन्य मुलुकबाट आयात गरिने केराले हाम्रो बजारमा सहज प्रवेश पाइरहेको छ । अन्य मुलुकमा फरकफरक कोड भएपनि हाम्रो मुलुकको भन्सारमा एउटै कोड हुँदा सस्तो फलफूलको दर्जामा विदेशी केरा नेपाल प्रवेश गर्छ । उनीहरू आफ्नो सरकारसँग अनुदान प्राप्त र हाइब्रिड प्रविधि तथा विषादीयुक्त अवस्थामा गइसकेको कारण हाम्रो अर्गानिक केराले आन्तरिक बजारमा पनि प्रतिस्पर्धा गर्न सक्दैन । एउटै कोड भएपछि छुट्टै नियम बनाएर कडाइ गर्न वा रोक्न पनि सकिंदैन । कुनै पनि उत्पादनको कोडका लागि विश्व व्यापार सङ्गठनसमक्ष सरकारले पहल गर्ने हो । प्रक्रियाका विभिन्न चरण छन् । त्यो पूरा गरेपछि भन्सार विभागले विश्व व्यापार सङ्गठनमा सिफारिश गर्छ । प्रस्ताव तथा सिफारिश उचित लागेमा विश्व व्यापार सङ्गठनले छुट्टै कोड प्रदान गर्ने हो । यसो हुन सके नेपालमा केराखेतीको भविष्य उज्ज्वल छ ।**

# नेपालमा कसलाई हटाएर, कसलाई ल्याउने ?

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**बङ्गलादेशमा भएको सरकारविरोधी यो आन्दोलन क्रान्ति होइन, प्रतिक्रान्ति हो । आर्थिक प्रगति र समृद्धिको दिशामा बढिरहेको एउटा लोकतान्त्रिक देशलाई अधोदिशामा लानु प्रतिक्रान्ति हो । एउटा कुशल अर्थशास्त्री, कुशल शासक पनि बन्न सक्छ भन्ने ग्यारेन्टी हुँदैन ।**

जातीय उन्माद, धार्मिक कट्टरता र राजनीतिमा सेनाको बढ्दो महत्त्वाकाङ्क्षाले कुनै पनि देशलाई कसरी हिंसा, उन्माद र उपद्रवको दावानलमा हुत्याइदिन्छ, यसको ताजा उदाहरण बङ्गलादेश हो । बङ्गलादेशमा निवर्तमान प्रधानमन्त्री शेख हसिना वाजेदमाथि भ्रष्टाचारको कुनै आरोप थिएन, देशको आर्थिक प्रगति पनि भइरहेको थियो । देशमा लोकतान्त्रिक शासन थियो र सहिष्णुता पनि थियो । सबै धर्मावलम्बीहरू एक अर्कासित मिलेर बसेका थिए । आरक्षणको विषय ताजा होइन । मुक्तिवाहिनी सेनाका सन्तानलाई आरक्षण दिनेसम्बन्धी प्रावधान निकै पुरानो थियो तर शेख हसिना सरकारले यसमा कटौतीको प्रस्ताव पनि ल्याएको थियो जसलाई त्यहाँका सर्वोच्च अदालतले मान्यता दिएन । यसमा पनि प्रधानमन्त्री दोषी थिइनन् तर साढे तीन फिट अग्लो धार्मिक नेता (मौलवी)को हिन्दूविरोधी प्रवचनको निरन्तरताले देशलाई अपूरणीय क्षति पुऱ्यायो । निवर्तमान प्रधानमन्त्री शेख हसिना ज्यान जोगाउन भारतमा शरण लिइन् र सम्भवत: उनी रूस अथवा कुनै युरोपेली देशमा शरण लिने सम्भावना छ । नोबेल पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुसलाई त्यहाँको कार्यवाहक प्रधानमन्त्री बनाइएको छ तर परिस्थिति यति चाँडै नियन्त्रणमा आउने सम्भावना देखिंदैन । बङ्गलादेश पनि पाकिस्तान, अफगानिस्तान र श्रीलङ्काकै बाटोमा जाने हो छ भने त्यसमाथि दयामात्र गर्न सकिन्छ । अल्पसङ्ख्यक हिन्दूलाई उत्पीडन गरेर न श्रीलङ्का स्वीटजरल्यान्ड बन्न सक्यो, न अफगानिस्तान र न पाकिस्तान नै । प्रतिक्रान्तिले पश्चगमनतिर नै डोऱ्याउँछ, अग्रगमनतिर होइन ।

सन् १९४७ मा मुस्लिम लीगका नेता मोहम्मद अली जिन्नाले मुसलमानहरू भारतका हिन्दूहरूसित मिलेर बस्न नसक्ने भन्दै मुसलमानहरूको निम्ति छुट्टै देश पाकिस्तानको माग गरे । हिन्दूहरूको निम्ति भारत र मुसलमानहरूको निम्ति पाकिस्तान देश बनाइयो तर भारतले भने आफ्नो देशमा मुसलमानहरूलाई हिन्दूकै जति नै अथवा कतिपय मामिलामा हिन्दूभन्दा पनि बढी अधिकार दियो जबकि पाकिस्तानमा हिन्दूहरूलाई मतदानको अधिकार पनि प्राप्त भएन, केवल संसदमा केही सिट छुट्याइयो । धर्मको नाममा भारतबाट पाकिस्तानको गठन त भयो तर भाषाको सवालमा आएर ऊ फस्यो । पूर्वी पाकिस्तान (बङ्गलादेश)का बङ्गालीहरूले उर्दू भाषाको अनिवार्यतालाई स्वीकार गरेनन् र आफ्नो निम्ति मातृभाषा बङ्गलाको राजकीय मान्यताको माग गरे ।

सन् १९४८ मा मोहम्मद अली जिन्नाले ढाकाको एउटा जनसभामा उर्दू भाषाको अनिवार्यताको कुरा उठाउँदा स्थानीय छात्रहरूले सभाको विरोध र बहिष्कार गरेका थिए । सैनिक शासक जनरल अयुब खानले पनि उर्दू भाषालाई राष्ट्रभाषाको रूपमा स्वीकार गर्न आदेश गर्दा बङ्गाली छात्रहरूले चर्को आन्दोलन गरेका थिए । सन् १९५२ को फेब्रुअरी २१ मा ढाकामा छात्रहरूले बङ्गलाभाषालाई राष्ट्रभाषा बनाउने माग गर्दै चर्को प्रदर्शन गर्दा सेनाको गोली लागेर दर्जनौं छात्र शहीद भएका थिए । संयुक्त राष्ट्र सङ्घले त्यस वर्षदेखि २१ फेब्रुअरीलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसको रूपमा मनाउने गरेको हो । छात्रहरूको आन्दोलनमार्फत नै शेख मुजिबुर रहमानले बहुमत प्राप्त गरेका थिए तथा एकीकृत पाकिस्तानको प्रधानमन्त्री बन्न नपाएपछि बङ्गलादेशको निर्माणमा लागे ।

सन् १९७२ मा बङ्गलादेशको निर्माण भयो । संस्थापक भएका नाताले उनले बङ्गलादेशको लागि एउटा मार्गचित्र तयार गरे जसमा बङ्गलादेशलाई लोकतान्त्रिक, सहिष्णु र धर्मनिरपेक्ष देश बनाउन चाहन्थे तर पाकिस्तानलाई यो मन परेको थिएन र त्यसै बेलादेखि बङ्गलादेशलाई कमजोर बनाउन चाहन्थ्यो । धर्मको तुलनामा बङ्गाली सभ्यता, भाषा र संस्कृतिमाथि गर्व गर्ने त्यहाँका नागरिकलाई धार्मिक रूपले कट्टर बनाउने अभियानको थालनी पनि त्यति बेलादेखि नै शुरू भएको हो । आखिर १५ अगस्त १९७५ का दिन प्रधानमन्त्री शेख मुजिबुर रहमानको हत्या केही सैन्य अधिकारीहरूद्वारा गराइयो । त्यतिमात्र होइन, शेखका पारिवारिक सदस्यहरूको समेत हत्या गरियो । उनका छोरीहरू शेख हसिना वाजेद र शेख रेहाना जर्मनीतिर शरण लिए । उनको ठाउँमा मुस्ताक अहमद खाण्डेकर प्रमुख शासक बनाइए । सेप्टेम्बर १९७५ मा उनी प्रमुख बनाइए तर ३ नोभेम्बर १९७५ मा सैनिक विद्रोहमार्फत खालिद मुशर्रफले आफूलाई प्रमुख शासक घोषित गरे । त्यसको चार दिनपछि नै शेख जियाउर्रहमान राष्ट्रपति शासक पनि भए । उनले खालिद मुशर्रफलाई नजरबन्द गरे ।

जनरल जियाउल हकले बिएनपी पार्टी गठन गरे । बहुदलीय व्यवस्थालाई पनि महत्त्व दिए तर सन् १९८१ को ३० मेमा उनका आधा दर्जन अङ्गरक्षकसहित उनलाई पनि झुन्ड्याइयो । भनिन्छ उनको शवयात्रामा २० लाख जति मानिस सामेल थिए । जनरल जियाउल हकको ठाउँमा लेफ्टिनेन्ट जनरल हुसैन महम्मद इरशादले सत्ता कब्जा गरे र विभिन्न दाउ गरेर आठ वर्षसम्म शासन चलाए । तात्पर्य यो कि बङ्गलादेशको राजनीतिमा सेनाले कब्जा गर्ने परम्परा नयाँ होइन । यसपटक पनि निवर्तमान प्रधानमन्त्री शेख हसिना वाजेदका खास नातेदार र हाल त्यहाँका प्रधान सेनापति बकारुजम्माले सत्ता कब्जा गर्ने चाहना राखेका भए पनि त्यहाँका छात्रहरू बेगम खालिदा जियाका अध्यक्ष सेनापतिलाई अन्तरिम प्रधानमन्त्री बनाउने पक्षमा छैनन् । त्यहाँका सैनिक शासक स्वयं अथवा खालिदा जियालाई प्रधानमन्त्री बनाउन चाहन्छन् जबकि छात्रहरू भने अर्थशास्त्री र नोबेल पुरस्कार विजेता मोहम्मद युनुसलाई अन्तरिम प्रधानमन्त्री बनाउन चाहन्छन् । अब त त्यहाँको राजनीतिमा धार्मिक समूह जमाते इस्लामीले पनि आफ्नो भाग खोज्नेछ । जमाते इस्लामी पनि बेगम खालिदा जियालाई नै अन्तरिम प्रधानमन्त्री बनाउन चाहन्छन् ।

यसपटकको छात्र आन्दोलनमा व्यापकरूपमा घुसपैठ भएको थियो र छात्रहरूको सभालाई धार्मिक नेताले सम्बोधन गर्ने गर्दथे । धार्मिक नेताको सम्बोधन अल्पसङ्ख्यक विरोधी र त्यो पनि खासगरी हिन्दूविरोधी हुने गर्दथ्यो । घृणा यति हदसम्म थियो कि बङ्गलादेश क्रिकेट टीममा विकेटकिपर ब्याट्समैन लिटन दासको घरमा समेत आगो लगाइयो । नोबेल पुरस्कार विजेता कवि र साहित्यकार रवीन्द्रनाथ टैगोरको मूर्तिलाई समेत ध्वस्त पारियो जसले सोनार बङ्गला (सुनको बङ्गलादेश) भनेर गीत लेखेका थिए । बङ्गाली गायक राहुल आनन्दको १४० वर्ष पुरानो घरमा लुटपाट र आगजनीको घटना गराइयो । निवर्तमान प्रधानमन्त्री शेख हसिनाको चरित्र कथामा तयार पारिएको फिल्म निर्माता सलीम खान र अभिनेता शान्तो खानलाई पनि कुटपिट गरियो । अनेकौं मन्दिर ध्वस्त पारिए, हिन्दूहरूको घरमा आगो लगाइयो तर त्यहाँका राजनीतिक दलहरूले शान्तिको अपील पनि गरेनन् ।

बाङ्गलादेशको आन्दोलन त्यहाँका सेना, धार्मिक कट्टर समूह र शेख हसिना विरोधी राजनीतिक दलहरूको षड्यन्त्रको परिणाम थियो । जसलाई मलजल गर्ने काम विदेशबाट भएको आरोप शेख हसिनाका सुपुत्रले लगाएका छन् । उनले अमेरिका र चीनको नाम लिएका छन् । भनिन्छ शेख हसिना सरकारले १० हजार मेगावाटको टिस्टा जलविद्युत् परियोजनाको निर्माणको जिम्मा चीनलाई नदिई भारतलाई दिएको कारण चीन उनीसित रिसाएको थियो र शेख हसिनाको चीन भ्रमणमा उनलाई खासै महत्त्व दिएको थिएन । हुनत अमेरिका पनि शेख हसिनासित रिसाएको चर्चा अन्तर्राष्ट्रिय वृत्तमा नचलेको होइन ।

बङ्गलादेशमा भएको सरकारविरोधी यो आन्दोलन क्रान्ति होइन, प्रतिक्रान्ति हो । आर्थिक प्रगति र समृद्धिको दिशामा बढिरहेको एउटा लोकतान्त्रिक देशलाई अधोदिशामा लानु प्रतिक्रान्ति हो । एउटा कुशल अर्थशास्त्री, कुशल शासक पनि बन्न सक्छ भन्ने ग्यारेन्टी हुँदैन । कथम् कदाचित बेगम खालिदा जिया सत्तामा आइन् भने देश अग्रगमन होइन पश्चगमनतिर जानेछ । इस्लामिक कट्टरताका कारण अफगानिस्तान, इरान, इराक, सिरिया, पाकिस्तानलगायत देशहरूले मूल्य चुकाइसकेका छन्, चुकाइरहेका छन् । कतिपयले नेपालमा पनि यस्तै होला भनिरहेका छन् तर श्रीलङ्काको घटना पारिवारिक शासन र भ्रष्टाचारको विरोधमा थियो । कोभिडले उत्पन्न गरेको सङ्कटका कारण थियो । बङ्गलादेशमा आरक्षणको विरोध एउटा बहाना थियो । यथार्थमा देशलाई इस्लामिक राष्ट्र बनाउने नियतले भएको हो । नेपालमा कसलाई हटाएर कसलाई ल्याउने ? यस प्रश्नको जवाफ कुनै पनि नेपालीसित छैन । बङ्गलादेशमा शेख हसिनालाई त हटाए, तर सत्तामा कसलाई ल्याउने भन्ने विषयमा कुनै मतैक्यता देखिएको छैन ।

# शहर केन्द्रित आँखा उपचार सेवा, विशेषज्ञ चिकित्सकको अभाव

चितवन, २४ साउन/रासस


आँखा उपचारका लागि नेपालमा पर्याप्त जनशक्ति अझै उत्पादन हुन सकेको छैन । १० हजार जनसङ्ख्या बराबर एकजना आँखारोग विशेषज्ञ आवश्यक हुने भएपनि न्यून जनशक्तिले सेवा दिंदै आएको छ । नेपाल अप्थाल्मिक सोसाइटीकी अध्यक्ष प्राडा मीनु चौधरीले नेपालमा ४८२ मात्रै नेत्र चिकित्सक रहेको जानकारी दिइन् । उनका अनुसार नेपालको पछिल्लो जनसङ्ख्याको हिसाबले तीन हजारभन्दा बढी नेत्र चिकित्सक आवश्यक पर्छ ।

अर्कोतर्फ भएका चिकित्सकहरू पनि शहरकेन्द्रित छन् । प्राडा चौधरीका अनुसार काठमाडौंमा मात्रै ६० प्रतिशत चिकित्सकले सेवा दिन्छन् । बाँकी ४० प्रतिशत पनि देशका प्रमुख शहरका अस्पतालहरूमा सेवा प्रदान गर्छन् । सोसाइटीमा दर्ता भएका चिकित्सकमध्ये एक सय हाराहारी नियमित काममा छैनन् । २० प्रतिशत हाराहारी विदेश भएको अनुमान छ । उनी भन्छिन्– "सहज आँखा उपचारका लागि चिकित्सकको सङ्ख्या बढाउनुपर्छ ।"

सन् १९८७ देखि नेपालमा आँखा उपचारका लागि विशेषज्ञ चिकित्सक (अप्थाल्मिक साइन्स)को अध्ययन–अध्यापन शुरू भएको हो । आँखाका विशेषज्ञ चिकित्सक उत्पादन गर्ने शिक्षण संस्थामा सिट सङ्ख्या बढाएर थप जनशक्ति उत्पादनमा लाग्नुपर्ने उनको भनाइ छ । उनले भनिन्–"अहिलेको जनशक्ति निकै कम छ, यसलाई बढाउँदै लग्नुपर्छ ।" ग्रामीण क्षेत्रका बासिन्दाले सेवा पाउन अझै कठिन छ । विभिन्न अस्पताल र सामाजिक सङ्घसंस्थाले गाउँगाउँमा लैजाने शिविरको भरमा ग्रामीण क्षेत्रको आँखा उपचार धानिंदै आएको छ । देशभर आँखा उपचारको सञ्जाल फैलाएको नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष डा चेतराज पन्त सेवा विस्तार गर्दै गर्दा आँखा उपचार सेवाका लागि दक्ष जनशक्ति पाउन कठिन हुने गरेको बताउँछन् । देशभर २८ अस्पताल र १६० आँखा उपचार केन्द्र सञ्चालन गर्दै आएको सङ्घका अस्पतालहरूमा एक सय हाराहारी चिकित्सक कार्यरत छन् ।

उनका अनुसार स्थापनाकालदेखि हालसम्म सङ्घको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल चार करोड ३६ लाख २६ जना आँखाका बिरामीलाई आँखा उपचार सेवाप्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार ६५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । गत वर्ष सङ्घको नेटवर्कमार्फत ३३ लाख २३१ जनाको आँखाको परीक्षण गरिएको छ भने दुई लाख ६७ हजार १३५ जनाको आँखाको शल्यक्रिया भएको छ ।

अध्यक्ष पन्तले सकेसम्म ग्रामीण क्षेत्रसम्म सेवा दिएको जानकारी दिंदै आर्थिक, विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीका अभावमा चाहे जति आँखा सेवा गर्न नसकेको बताए । उनले भने–"सेवा द्रुत गतिमा विस्तार गर्दैछौं, दक्ष जनशक्तिको अभाव छ ।" कतिपयलाई अस्पतालहरूले 'फेलोशिप' दिएर पढ्न पठाउने गरेको उनको भनाइ छ । अध्यक्ष डा पन्त पढाइरहेको सिट सङ्ख्या वृद्धि गरेर चिकित्सकको सङ्ख्या



बढाउनुपर्ने सुझाव दिन्छन् । अझै पनि सङ्घीय राजधानीबाहिर चिकित्सकको अभावमा आम नागरिकले सहज उपचार पाउन सकेका छैनन् । आँखा रोगको उपचार समयमा हुन सकेमा अन्धोपन हुनबाट बचाउन सकिन्छ । नेत्र सहायकको भरमा ग्रामीण क्षेत्रका उपचार केन्द्रहरूले सेवा दिंदै आएका छन् ।

नेपाल चिकित्सक सङ्घका केन्द्रीय अध्यक्ष डा अनिलविक्रम कार्कीले सबै क्षेत्रमा चिकित्सक पर्याप्तता नरहेको बताए । सरकारले सेवा मात्रै खोज्ने र गुणस्तरीय सेवामा ध्यान नदिने गरेको उनको भनाइ छ । आँखा क्षेत्रमा नेत्र विशेषज्ञहरू जनसङ्ख्याका आधारमा निकै कम रहेको जनाउँदै उनले यस क्षेत्रमा पनि दरबन्दी बढाएर सेवा विस्तार गर्नुपर्ने बताए । उनले भने–"जनशक्ति उत्पादनमा सरकारले ध्यान दिनुपर्छ ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## बङ्गलादेशको उथलपुथलले दक्षिण एशियाको अर्थन्त्रमा पार्न सक्ने प्रभाव

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**बङ्गलादेशमा अहिले जुन किसिमले तोडफोड, लुटपाट, हिंसा भइरहेको छ त्यसले हसिनाप्रतिको क्रोध मात्र प्रतिविम्बित गर्दैन । बङ्गलादेशको उदार समाजप्रति एउटा समूह क्रुद्ध रहेको पनि सङ्केत गर्दछ । यसैगरी आफ्नो स्वार्थका लागि अन्तर्राष्ट्रिय शक्तिहरूले पनि बङ्गलादेशमा अब 'खेल्नेछन्' ।**

देशको आर्थिक विकास गरेर मात्र कुनै नेता लोकप्रिय हुन सक्ने रहेन छ। यसैगरी देश र जनतालाई धनी पारेर मात्र कुनै नेताको राजनीतिक भविष्य सुनिश्चित हुने रहेन छ । कुनै नेतामा महत्त्वाकाङ्क्षा चुलिएर गयो। सदा शक्ति र सत्तामा रहने इच्छा जागृत भयो । आफ्ना आसेपासे र झोलेहरूको मात्र उसले हित गर्न थाल्यो। न्यायिक र निष्पक्ष हुन सकेन भने त्यस्तो नेताले देशमा प्रचुर मात्रामा आर्थिक विकास गरे तापनि लोकप्रियता पाउन सक्ने रहेन छ । बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनामा अहिले त्यही कुरा लागू भएको छ ।

आर्थिक विकासको पथमा, कुनै बेला गरीब कहलिएको, बङ्गलादेशलाई दौडाउन खोजेकी शेख हसिना अहिले देश छोडेर भागेकी छन् । एशियाका आर्थिक बाघ (Economic Tiger)हरूमध्ये बङ्गलादेशलाई एउटा बाघ बनाउन खोज्ने हसिना अहिले एक किसिमले बङ्गलादेशबाट निष्कासित हुन पुगेकी छन्। उनलाई जनताले देश निकाला गरेको छ। कुनै समयकी बङ्गलादेशकी प्रधानमन्त्री अहिले भारतमा शरणार्थी हुन पुगेकी छन्। शक्ति र सत्ताको उन्मादमा विवेक गुमाएपछि, सदा सत्ता र शक्तिमा रहने इच्छा जागृत भएपछि कुनै पनि नेताको यस्तै स्थिति हुन सक्छ। शेख हसिनाबाट नेपालका नेताहरूले यो तथ्य राम्ररी बुझ्ने हुन्छ । पछिल्लो समय सदैव शक्ति र सत्तामा रहन हसिनाले अठोट गरेकी थिइन् । आफूलाई, केवल आफूलाई, सर्वेसर्वा देखेकी थिइन् । आफ्ना विपक्षीहरूको मुख थुनेकी थिइन् । कतिपयलाई जेलमा बन्द गरेकी थिइन्। समग्रमा भन्ने हो भने जनतालाई 'थोक' मा रुष्ट पारेकी थिइन् ।

आउनुहोस् शेख हसिनाको शासनकालमा बङ्गलादेशले गरेको आर्थिक उपलब्धिको पनि चर्चा गरौं। सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्र भएदेखि नै अनेक किसिमको राजनीतिक उथलपुथल भोगेको र जनसङ्ख्याको हिसाबले विश्वको आठौं ठूलो बङ्गलादेश (जनसङ्ख्या १७ करोड ५० लाख) ले खासै आर्थिक प्रगति गरेको थिएन। जमीन कम तर जनसङ्ख्या बढी भएको र गृह कलहले गाँजेको बङ्गलादेशमा गरीबी व्याप्त थियो । क्षेत्रफलको आधारमा बङ्गलादेश (१,४८, ४६० वर्ग किलोमिटर) र नेपाल (१,४७, ५१६ वर्ग किलोमिटर) लगभग बराबर छन् । नेपालको जनसङ्ख्या ३ करोड छ भने बङ्गलादेशको १७ करोड छ । बङ्गलादेशमा भूमि वितरणको समस्या कति गम्भीर छ भन्ने कुरा यस तथ्याङ्कबाट पुष्टि हुन्छ । भनिन्छ, अहिले पनि बङ्गलादेशको एक चौथाई जनसङ्ख्या पानी (समुद्र) मा बस्छ। त्यही रात बिताउँछ ।

सन् २००९ मा सत्तामा आएपछि शेख हसिनाले बङ्गलादेशको आर्थिक विकासमा ध्यान केन्द्रित गरिन्। खासगरी पोशाक उद्योगको क्षमता अभिवृद्धि र विभिन्न देशमा निर्यात गर्न जोड दिइन् । सन् २०२२ मा विश्वमा सर्वाधिक पोशाक निर्यात गर्ने राष्ट्रहरूको सूचीमा चीन पहिलो स्थानमा, युरोपियन युनियन दोस्रो स्थानमा थियो भने बङ्गलादेश तेस्रो स्थानमा हुन पुग्यो ।

हसिनाको समयमा बङ्गलादेशले तीव्र गतिमा आर्थिक विकास गऱ्यो। आर्थिक विकासको दर पचास गुणा बढीसम्म भयो। केहीले त बङ्गलादेशलाई 'एशियाको बाघ' पनि भने। केहीले, अब बङ्गलादेश एशियाको 'पावर हाउस' हुने अनुमान गरे। सन् २०१५ मा प्रतिव्यक्ति आयमा, बङ्गलादेशले पाकिस्तानलाई उछिन्ने रेकर्ड कायम गऱ्यो । र आश्चर्यलाग्दो, सन् २०२० मा प्रतिव्यक्ति आयमा, बङ्गलादेशले भारतलाई पनि उछिन्यो ।

संयुक्त राज्य अमेरिकाले चार देश चीन, भिएतनाम, भारत र मेक्सिकोबाट ठूलो परिमाणमा टेक्सटाइल र तयारी कपडा आयात गर्छ जसमा बङ्गलादेशको हिस्सा पनि महत्त्वपूर्ण छ। बङ्गलादेशबाट आयात भएका कपडाहरू अमेरिकी बजारमा ठूलो परिमाणमा बिक्री हुन्छन्। गरीब बङ्गलादेशलाई समृद्धिको दिशातर्फ डोऱ्याउन हसिनाको भूमिका महत्त्वपूर्ण रह्यो। उनले आफ्नो देशलाई ठूलो गुन लगाइन् तर उनको तानाशाही प्रवृत्तिले उनको गुन नदेखिनेगरी पखालिदियो। भोलिको समयमा उनले गरेका आर्थिक उपलब्धिबारे सोधखोज होला तर अहिले बङ्गलादेशका सडकहरूमा हसिनाको छायासम्म पनि देख्न नचाहनेहरूको भीड छ। जनता यतिसम्म आक्रोशित छ कि हसिना मात्र होइन, राष्ट्रपिता कहलिएका हसिनाका पिता शेख मुजिबुर रहमानको सालिकसम्म तोडिरहेको छ । हसिनाको तानाशाहीबाट रुष्ट भएको जनताले कुनै बेला 'बङ्गबन्धु' को सम्मान पाएका व्यक्ति शेख मुजिबुर रहमानको सालिकसम्म देख्न चाहिरहेको छैन। शेख मुजिबुर रहमानले बङ्गलादेशलाई पाकिस्ताबाट स्वतन्त्र पार्न केन्द्रीय भूमिका खेलेका थिए ।

हसिनाको तानाशाही प्रवृत्ति र राजनीतिक अस्थिरताले गर्दा आर्थिक विकासको पथमा दौडिन खोजिरहेको बङ्गलादेशको अर्थतन्त्र अब अनिश्चित हुन पुगेको छ । बङ्गलादेशको राजनीतिमा अब स्थिरता आउने सम्भावना, कमसेकम केही वर्षको लागि, देखिंदैन। बङ्गलादेशको अस्थिर राजनीतिले यस देशको आर्थिक विकास सुस्त पार्नेमा कुनै द्विविधा नराखे हुन्छ। बङ्गलादेशको अस्थिर र अशान्त राजनीतिले बङ्गलादेशमा गरीबी त बढाउने छ नै, दक्षिण एशियामा पनि गरीबी बढाउने छ । जुनजुन देशलाई बङ्गलादेशले ठूलो परिमाणमा तयारी पोशाक निर्यात गर्थ्यो अब त्यस्तो गर्न सक्नेछैन। यसले गर्दा त्यहाँ बेरोजगारी बढ्न सक्छ। यसैगरी जुनजुन देशले ठूलो परिमाणमा बङ्गलादेशबाट तयारी पोशाक आयात गरिरहेका छन्, उनीहरूको अर्थतन्त्र पनि प्रभावित हुन सक्ने अनुमान गर्न सकिन्छ ।

आर्थिक विकासको पथमा लम्किरहेको बङ्गलादेशको अर्थतन्त्रमा सुस्तता आउनु दक्षिण एशियाको अर्थतन्त्रको लागि राम्रो होइन । युक्रेन-रूस युद्ध, इजराइल-फिलिस्तिनी युद्ध, यमनी गृहयुद्ध, सुडानी गृहयुद्ध आदिले विश्व अर्थतन्त्र नराम्ररी प्रभावित भएको बेला बङ्गलादेश अशान्त हुनु विश्व अर्थतन्त्रको लागि सुखद होइन। दक्षिण एशियाको लागि झनै सुखद होइन।

राजनीतिक स्थिरताको हिसाबले पाकिस्तान पनि स्थिर छैन। पाकिस्तानको आर्थिक प्रगति पनि सन्तोषजनक छैन । आर्थिक प्रगतिको दृष्टिकोणले भारतमा मोदीको नेतृत्वलाई राम्रो मानिएको छैन। मोदी-नीतिले गर्दा भारतले आफ्नो आर्थिक क्षमताको अत्यधिक उपयोग गर्न सकेको छैन भन्नेहरू धेरै छन् । एक किसिमले महीना-महीनामा सत्ता (प्रधानमन्त्री) परिर्वतन हुने परिस्थितिले गर्दा नेपालको आर्थिक विकासको गति पनि अति सुस्त हुन पुगेको छ । ज्यादै अनिश्चित हुन पुगेको छ । श्रीलङ्काको आर्थिक स्थिति पहिलेभन्दा झन् कमजोर छ। यस्तो परिस्थिति दक्षिण एशियामा देखिएको समयमा बङ्गलादेश अशान्त हुनु दक्षिण एशियाको आर्थिक विकासको लागि पटक्कै सुखद होइन। निराश पार्ने स्थिति हो ।

बङ्गलादेशको राजनीतिमा अब कट्टरपन्थीहरूको प्रभाव बढ्ने छ, अफगानिस्तानमा बढेझैं। कट्टरपन्थीहरूको उदय हुनु बङ्गलादेशको आर्थिक विकासको लागि राम्रो होइन। बङ्गलादेशमा अहिले जुन किसिमले तोडफोड, लुटपाट, हिंसा भइरहेको छ त्यसले हसिनाप्रतिको क्रोध मात्र प्रतिविम्बित गर्दैन । बङ्गलादेशको उदार समाजप्रति एउटा समूह क्रुद्ध रहेको पनि सङ्केत गर्दछ। यसैगरी आफ्नो स्वार्थका लागि अन्तर्राष्ट्रिय शक्तिहरूले पनि बङ्गलादेशमा अब 'खेल्नेछन्' । बङ्गलादेशलाई झनै अशान्त र अस्थिर पार्नेछन् ।

आशा गरौं, बङ्गलादेशमा छिटै शान्ति र स्थिरता कायम होस्। त्यहाँको जनताले आर्थिक प्रगति देख्न पाओस् ।



**कफी नर्सरी:** कफीखेतीका लागि इलामको माङ्सेबुङ गाउँपालिका-१ गजुरमुखीका कृषक याम कार्कीको फार्ममा तयार पारिएको कफी नर्सरी । पछिल्लो समय इलामका किसानहरू व्यावसायिक कफीखेतीतर्फ आकर्षित भएका छन् । तस्बिरः रामकुमार लिम्बू/रासस

## आयुर्वेद प्रतिष्ठानको आवश्यकता

आयुर्वेद संसारकै पुरानो चिकित्सा पद्धति हो। पूर्वीय दर्शनमा आधारित यो पद्धति अहिले पनि उत्तिकै सान्दर्भिक र भरपर्दो छ। आयुर्वेद क्षेत्रको उन्नयनका लागि गरिनुपर्ने कार्यहरू लामो समयदेखि रोकिएका छन् । स्वास्थ्यको क्षेत्रमा सबैभन्दा पुरानो विधा आयुर्वेद हो । आयुर्वेदपछि अन्य विधाहरू पनि यसमा संलग्न हुन आए । नेपालको सन्दर्भमा पनि जेठो स्वास्थ्य संस्थाका रूपमा सिंहदरबार वैद्यखानालाई लिन सकिन्छ।

विचार



प्राडा चन्द्रराज सापकोटा

**हामी आयुर्वेदका चिकित्सकहरूको दर्ता पनि त्यही परिषद्मा हुन्छ। त्यो समयमा अति मेहनत गरेपछि परिषद् आयो र अहिले आयुर्वेद चिकित्सकहरूको दर्ता प्रक्रिया चलिरहेको छ।**

राजा प्रताप मल्लको पालामा स्थापना भएको यो संस्था दक्षिणपूर्व एशियाकै पुरानो संस्था हो ।

नेपालमा शिक्षा दिने संस्थाका रूपमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आयुर्वेद क्याम्पस कीर्तिपुरमा छ । आयुर्वेदका विधाहरूलाई ७७ वटा जिल्लामा सञ्चालन गर्न आयुर्वेद विभाग छ । चिकित्साका लागि केन्द्रीय चिकित्सालयका रूपमा आयुर्वेद चिकित्सालय नरदेवीमा छ । यी सबै संस्थाहरू जुन रूपमा चल्नुपर्ने हो, त्यो चलेको अनुभूति गर्न पाइएको छैन। यसो हुनुको मुख्य कारण आयुर्वेद क्षेत्रमा राजनीतिक हस्तक्षेप धेरै हुनु हो । दुई/चार महीनामैं मन्त्री फेरिने र यसले योग्यभन्दा पनि आफ्नो कार्यकर्तालाई ती निकायहरूको जिम्मेवारी दिने प्रवृत्तिले संस्थाहरू दिन प्रतिदिन धराशयी बन्दै गएका छन् ।

आयुर्वेद शिक्षा २०२९ सालभन्दा अगाडि नेपाल सरकारबाट सञ्चालित हुँदाखेरि पूर्वमध्यमा, शास्त्री र आयुर्वेदाचार्यसम्मको पठनपाठन नरदेवीमा नै भएको थियो । विसं २०२९ मा नयाँ शिक्षा ऐन लागू भएपछि इन्स्टिच्युट अफ मेडिसिन अन्तर्गत आयुर्वेदलाई पनि लिएर जाने भनेर नीति ल्याइयो। जुन इन्स्टिच्युट अफ मेडिसिन २०२९ सालमा बनेपछि आचार्यसम्म भएको पठनपाठनलाई तल झारियो । आयुर्वेदको एउटा मात्रै विधा नरदेवीमा कायम राखियो भने एलोपेथीको विधा महाराजगंजमा सारियो। त्यो बेला आयुर्वेदतर्फ आयुर्वेद तथा जनरल मेडिसिन, एलोपेथीको जनरल मेडिसिन, फार्मेसी, रेडियोग्राफी, नर्सिङसहितका पाँचवटा विधा थिए ।

एलोपेथीतिर अहिले एमबिबिएस गरेपछि पिजी, एमडी, एमएस, डिएमसम्म २९ वटा विधा छन् । आयुर्वेदमा बिएएमएस गरिसकेपछि २२ वटा विधामा एमडी गर्न सकिने व्यवस्था छ तर अहिले काया चिकित्सा भन्ने विषयमा मात्रै एमडी छ । अरू त्यहाँ पठनपाठन छैन। आयुर्वेदमा अन्य विधाहरू सञ्चालन गर्न हामीले निकै प्रयत्न गऱ्यौं। नेपालमा आयुर्वेदको जनशक्ति आवश्यकता भएपनि नीतिगतरूपमा नै त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारले यसका अन्य विधाहरू ल्याउन सकेनन् ।

नेपाल यति धनी देश हो, जसको समायोजन र व्यवस्थापन राजनीतिकरूपमा हुन सकेन । नेपालमा हिमाल, पहाड, तराईमा हुने जडीबुटीहरू प्रशस्त छन्। वनसँग समन्वय गरेर ती जडीबुटीबाट हामीले नेपालभित्रै उद्योगहरू बनाएर आयुर्वेदिक औषधि उत्पादन गर्न सक्छौं । यसका लागि सबैभन्दा पहिला शिक्षा आवश्यक पर्छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पठनपाठन, आयुर्वेद अनुसन्धान, जडीबुटी उत्पादन तथा औषधि निर्माण, शिक्षण चिकित्सालयको पठनपाठन, व्यवस्थापन गर्ने एउटा अध्ययन संस्थानको स्थापना गर्नुपर्छ भन्ने उल्लेख छ। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ मा प्राडा बल्लवमणि दाहालको संयोजकत्वमा गठन गरिएको समितिले बुझाएको प्रतिवेदनमा शिक्षा कस्तो हुने भन्ने विषयमा उल्लेख गर्दै आयुर्वेद चिकित्सालयका लागि आवश्यकमध्ये दक्ष र कर्तव्यनिष्ठ विभिन्न स्तरका जनशक्ति उत्पादन गर्न त्रिभुवन विश्वविद्यालयमा तत्कालै र जडीबुटीलाई व्यवस्थित, मर्यादित र आयआर्जन गर्नका लागि अरू क्षेत्रबाट पनि गर्न सकिने प्रावधान राखिएको थियो । त्यसैको आधारमा स्वास्थ्य मन्त्रालयले वीर अस्पताल प्रतिष्ठान र आयुर्वेद प्रतिष्ठान पनि चाहिन्छ भनेर शुरू गरेको कुरा हो।

सो प्रतिवेदनले आयुर्वेद शिक्षालाई नेपालको जडीबुटीलाई व्यवस्थापन गर्नका लागि इन्स्टिच्युट अफ आयुर्वेदको अवधारणा ल्याएर जाने, इन्स्टिच्युट अफ मेडिसिनले यसलाई समेट्न सकेन भनेर प्रतिवेदनमा उल्लेख गरेको थियो। हामी आयुर्वेद चिकित्सक सङ्घमा रहँदा पनि त्यो विषयलाई जोडतोडका साथ उठायौं विसं २०५० मा प्राध्यापक डा एलएम (लोकेन्द्रमान) सिंहको संयोजकत्वमा कमिटी बन्यो र त्यो कमिटीले दिएको प्रतिवेदनमा राष्ट्रिय आयुर्वेद चिकित्सा पद्धति भनेर नीति दिएको थियो । त्यो नीति एक/डेढ वर्ष त्यतिकै थन्कियो । पछि २०५१ सालमा फेरि सरकार परिवर्तन भएर आएपछि पास भयो ।

तत्कालीन स्वास्थ्यमन्त्री अर्जुननरसिंह केसीको कार्यकालमा आएको नीतिमा सर्वप्रथम शिक्षाको उन्नयनका लागि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर लेखिएको छ । पहिले त्रिभुवन विश्वविद्यालय अन्तर्गत बनाउने अनि त्यो सम्पन्न भएपछि दोस्रोमा नेपाल संस्कृत विश्वविद्यालयमा पनि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर त्यो नीतिमा स्पष्टरूपमा लेखिएको छ। नेपाल संस्कृत विश्वविद्यालयको इन्स्टिच्युट अफ आयुर्वेद भयो तर त्यहाँ जनशक्तिको अभाव देखियो। अनि त्यो पारित भएको नीतिमा काउन्सिलका कुराहरू छन्। चिकित्सक सङ्घले परिषद् गठन गर्न र नीतिहरू पूरा गर्न दबाब दिएपछि परिषद् गठन भयो । परिषद् आएपछि अहिले पनि परिषद् मौजुदा छ । हामी आयुर्वेदको चिकित्सकहरूको दर्ता पनि त्यही परिषद्मा हुन्छ। त्यो समयमा अति मेहनत गरेपछि परिषद् आयो र अहिले आयुर्वेद चिकित्सकहरूको दर्ता प्रक्रिया चलिरहेको छ।

त्यस्तै, इन्स्टिच्युट अफ आयुर्वेद नबनेसम्म जनशक्ति पूरा हुँदैन भन्ने हिसाबले लागिरह्यौं तर आयुर्वेद क्याम्पस प्रशासन जसरी लाग्नुपर्ने हो, त्यसरी लाग्न सकेन । त्रिभुवन विश्वविद्यालयमा प्रा तीर्थ खनिया उपकुलपति भएर आएपछि उहाँलाई इन्स्टिच्युट अफ आयुर्वेद गठन गर्न दबाब दियौं। त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली र शिक्षामन्त्री

(बाँकी चौथो पातामा)

# समृद्धिः नयाँ सरकारको मार्गचित्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**लगानीकर्तालाई हेर्ने हाम्रो सोचमैं परिवर्तन ल्याउनु जरुरी छ। विश्वभरि नै लगानीकर्ता नाफाको लागि व्यवसाय गर्ने गर्छन्। जुन मुलुकले नाफा आर्जन गर्ने वातावरण बनाउँछ र सम्मानपूर्वक व्यवहार गर्छ, लगानीकर्ता स्वाभाविकरूपमा त्यस्ता मुलुकमा लगानी गर्न उत्सुक हुन्छन्।**

'समृद्ध नेपाल, सुखी नेपाली' भनेर आफ्नो घोषणापत्रमा प्रमुख नारा बनाएका नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली चौथोपटक मुलुकको प्रधानमन्त्री भएका छन्। अहिले साढे तीन वर्ष समय बाँकी रहँदा संसद्को सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसको समर्थनमा नेकपा एमालेका अध्यक्ष ओली मुलुकको प्रधानमन्त्री बनेका हुन्। उनलाई विकासवादी नेता भनेर उनकै दल नेकपा एमालेले चिनाउने गरेको पनि छ। उनको नेतृत्वमा गठित वर्तमान सरकारमा पाँचौं पटक अर्थ मन्त्रालयको बागडोर सम्हालेका व्यक्ति विष्णुप्रसाद पौडेल अर्थमन्त्री बनेका छन्। धेरैपछि दुईतिहाई बहुमतको बलियो सरकार पाउँदा मुलुकले समृद्धिको यात्रा शुरू गरेन भने अवसर नै गुम्ने अवस्था देखिन्छ। त्यसैले होला, अहिले निजी क्षेत्र पनि उत्साहित भएको छ। हुनत् आर्थिक विकास र समृद्धिका लागि राजनीतिक स्थिरता महत्त्वपूर्ण हुन्छ। कुनै पनि मुलुकमा सरकार र नीतिगत व्यवस्था छिटछिटै परिवर्तन भइरहने हो भने त्यस मुलुकको आर्थिक विकास र समृद्धि सम्भव हुँदैन।

मुलुकको आर्थिक तथा सामाजिक विकासमा भौतिक एवं सामाजिक पूर्वाधारको विकास आवश्यक हुन्छ। पछिल्लो एक दशकदेखि हरेक वर्ष नै पूँजीगत खर्च विनियोजनको आधा मात्रै हुने गरेको वा भइरहेको छ। जस्तो, गत आवमा सरकारले पूँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब रुपियाँ विनियोजन गरेकोमा आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा एक खर्ब ९१ अर्ब बराबर मात्र खर्च हुन सकेको छ। नयाँ अर्थमन्त्रीको विशेष ध्यान जानुपर्ने ठाउँ यो पनि हो। अब देशमा स्थिरता आउला र आर्थिक मुद्दाले प्राथमिकता पाउला भन्ने विश्वासले निजी क्षेत्र उत्साहित बनेको देखिन्छ। नयाँ सरकारसँग निजी क्षेत्रका धेरै अपेक्षा पनि छन्। उद्यमी व्यवसायीले व्यावसायिक मैत्री वातावरण खोजिरहेका छन्। मुलुकको अर्थतन्त्रमा करीब ८१ प्रतिशत र रोजगारमा करीब ८५ प्रतिशत योगदान रहेको निजी क्षेत्रलाई उपेक्षा गरेर सरकारले आर्थिक विकास र समृद्धिको लक्ष्य हासिल गर्न सक्दैन। निजी क्षेत्र र सरकारबीच देखिएको अविश्वासको खाडल पुर्नुपर्ने आवश्यकता देखिएको छ। सबैभन्दा पहिले दुवै पक्षले आपसमा विश्वासको वातावरण सिर्जना गर्न सक्नुपर्छ। जबसम्म एकले अर्काको अस्तित्व स्वीकार गरेर अगाडि बढ्दैनन्, तबसम्म मुलुकमा आर्थिक विकास र समृद्धि सम्भव हुँदैन। मुलुकको आर्थिक विकास र समृद्धिका लागि सरकार र निजी क्षेत्रबीच स्वस्थ सहकार्य हुनु जरुरी छ।

अर्थतन्त्रलाई सबल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको निजी क्षेत्रलाई यतिखेर आफ्नो व्यावसायिक जीवनकै सबैभन्दा खराब परिस्थितिको सामना गर्नुपरेको छ। समग्र निजी क्षेत्र अनेकौं त्रासका बीच उद्यम/व्यवसाय गरिरहेको छ। उनीहरूको मनोबल एकदमै कमजोर देखिएको छ। नियन्त्रणको नीतिले अर्थतन्त्रका बाह्य सूचकमा सामान्य सुधार देखिए पनि आन्तरिक सूचक अत्यन्त खराब छ। बजारमा माग घट्दा आर्थिक गतिविधि सीमित हुन पुगेको छ। नयाँनयाँ लगानीका योजना स्थगित भएका छन् भने सञ्चालनमा रहेका व्यवसायको निरन्तरता पनि सबैभन्दा ठूलो चुनौतीका रूपमा देखापरेका छन्।

अर्थतन्त्रको यो जटिल अवस्थाबीच दुईतिहाई बहुमतको नयाँ सरकार गठन भएको छ। अर्थतन्त्र जटिल अवस्थामा रहेकोले नियमित किसिमबाट मात्र सरकार सञ्चालन गर्ने छुट नयाँ सरकारलाई पक्कै छैन। त्यसैले वित्तीय क्षेत्रमा देखिएको समस्या समाधान गर्न नेपाल राष्ट्र बैंक, नेपाल उद्योग वाणिज्य महासङ्घ र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिबीच सघन समन्वय, सहकार्य र नियमित छलफल आवश्यक छ। अर्थतन्त्रको संरचनात्मक सुधारका लागि नयाँ सरकारलाई अहिले महत्त्वपूर्ण अवसर प्राप्त भएको छ। सङ्कटोन्मुख अर्थतन्त्रलाई सबल बनाएर सरकारले आम नागरिकको मन जित्ने बेला यही हो। यसका लागि सरकारले महत्त्वपूर्ण र परिवर्तनकारी काम गर्नुपर्दछ। राजस्व चुहावट नियन्त्रण, सीमा क्षेत्रको अवैध व्यापार न्यूनीकरण, कर्मचारी संयन्त्रको प्रणालीगत उपयोग, भ्रष्टाचारमा शून्य सहनशीलता र अनावश्यक खर्च कटौती गर्दै रोजगार सिर्जना गर्ने खालका परियोजनामा लगानी बढाउनेगरी आर्थिक नीति बनाउने साहस सरकारले गर्नैपर्छ। कमजोर पूँजीगत खर्च बढाउन सार्वजनिक खरीद प्रक्रियामा रहेका जटिलता फुकाउनेदेखि आवश्यकता अनुसार कानून संशोधनमा सरकार तयार हुनुपर्छ।

अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ। रोजगार सिर्जना, लगानी आकर्षण, पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान अर्थतन्त्रमा औसतमा पाँच प्रतिशतमा सीमित छ। औद्योगिक क्षेत्र खुम्च्याएर कुनै पनि मुलुकले अर्थतन्त्रमा सफलता प्राप्त गर्न सक्दैन। त्यसैले उत्पादनमा आधारित अर्थतन्त्र नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकोले औद्योगिक क्षेत्रको विस्तारमा नयाँ सरकारको ठोस पहल आवश्यक छ। त्यसैले अर्थतन्त्रको महत्त्वपूर्ण स्तम्भ मानिने निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुकलाई सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ। नेपाल राष्ट्र बैंकले ल्याएको चालू आर्थिक वर्षको मौद्रिक नीतिले भने मन्दीबाट थला परेको निजी क्षेत्रलाई केही सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। केही हदसम्म मौद्रिक नीति अर्थतन्त्रमैत्री नै छ। नेपाल राष्ट्र बैंकले कर्जा विस्तारलाई प्राथमिकता दिएको छ। थलिएको निर्माण व्यवसाय, सेयर बजार र बैंकिङ क्षेत्रका माग सम्बोधन गर्ने प्रयास गरिएको छ। तर, मन्दीकै सामना गरिरहेको पर्यटन, होटेल, घरजग्गालगायत क्षेत्रतर्फ पनि राज्यले ध्यान दिनु जरुरी छ।

यतिखेर राजस्व, पूँजीगत खर्च, तरलता, सरकारी कोषमा परेको चाप, विदेशी मुद्रा सञ्चिति, ब्याजदर, आन्तरिक उत्पादन, बढ्दो आयात र घट्दो निर्यातजस्ता अर्थतन्त्रका आधारभूत क्षेत्र नै खस्किएका देखिन्छन्। त्यसैले यी क्षेत्रको सुधार नगरी अर्थतन्त्रले लय लिन सक्ने अवस्था आउँदैन। यसका साथै देशको अर्थतन्त्र सुदृढ बनाउन आन्तरिक उत्पादनको महत्त्वपूर्ण भूमिका हुन्छ। आयातमुखी अर्थतन्त्रमा देशको सीमित विदेशी मुद्रा पनि यसैको भुक्तानीमा खर्च गर्नुपर्ने हुन्छ। निर्यात न्यून भएकोले सञ्चित विदेशी मुद्रा पनि खर्च गर्नुपर्ने बाध्यताले अर्थतन्त्रमा झनै दबाब पर्न जान्छ। विगत दुई वर्ष यता नेपालको अर्थतन्त्र कमजोर बनाउने कारक तत्त्वका रूपमा कोभिडलाई लिने गरिन्छ। कोभिडका कारण लागू भएको बन्दाबन्दीले प्रायः सबै उद्योगधन्दा, कलकारखानाजस्ता उत्पादनशील क्षेत्र धराशायी भएका छन्। उत्पादनशील क्षेत्र बन्दाबन्दी हुँदा अधिकांश श्रमिकको रोजीरोटी खोसिएको र उद्योगी–व्यवसायीले बैंकको साँवा–ऋण तिर्न सकिरहेका छैनन्। फलस्वरूप उनीहरूको घरजग्गा बैंक तथा वित्तीय संस्थाले लिलामी गर्न थालेका छन्। उत्पादनशील क्षेत्रले गति लिन नसक्दा सरकारले राजस्वसमेत गुमाएको छ। यसको असर सरकारी कोषमा परेको छ। यस्तो अवस्थामा आठ प्रतिशतको आर्थिक वृद्धि र सात प्रतिशतको सीमाभित्र मूल्य नियन्त्रण गर्ने सरकारी लक्ष्य पूरा हुने सम्भावना देखिएको छैन। त्यसैले राजस्व प्रशासनलाई समयमा नै चुस्त र दुरुस्त बनाउन सक्नुपर्दछ। यसका साथै सरकारले पूँजीगत खर्च बढाउन सक्नुपर्दछ। पूँजीगत खर्च बढाउनु भनेको विकास निर्माण कार्यलाई तीव्रता दिनु हो। त्यसैले यसतर्फ सरकार संवेदनशील हुनै पर्दछ।

हुनत लगानीकर्तालाई हेर्ने हाम्रो सोचमैं परिवर्तन ल्याउनु आजको आवश्यकता देखिएको छ। विश्वभरि नै लगानीकर्ता नाफाको लागि व्यवसाय गर्ने गर्छन्। त्यसैले जुन मुलुकले नाफा आर्जन गर्ने वातावरण बनाउँछ र सम्मानपूर्वक व्यवहार गर्छ, लगानीकर्ता स्वाभाविकरूपमा त्यस्ता मुलुकमा लगानी गर्न उत्सुक हुन्छन्। विश्वमा १० ठूला हिमालमध्ये आठवटा नेपालमैं छ। भगवान् गौतम बुद्ध र माता जानकी नेपालमैं जन्मेका हुन्। नेपालमा अपार जलस्रोत छ र नेपाल विश्वका दुई ठूला अर्थतन्त्रको बीच अवस्थित छ। यति भनेर मात्रै लगानीकर्ता हाम्रो घरदैलोमा लगानी गर्न आउनेवाला छैनन्। यसका लागि उनीहरूलाई रातो कार्पेट बिछ्याएर नेपालमा लगानी गर्नका लागि खोज्दै जानुपर्छ। लगानी भित्र्याएर मात्र हाम्रो दायित्व पूरा हुन्छ भन्ने होइन, भित्रिएको लगानीलाई सहज तरीकाले परियोजना कार्यान्वयनमा परिचालन गर्ने एवं लगानीको मुनाफा लैजाने वातावरण प्रदान गर्ने कार्य पनि त्यति नै जरुरी छ। राजनीतिक वृत्तमा अर्थतन्त्रको दिशा र नीतिमा स्थिरता हुने हो भने नेपालमा पनि लगानी भित्र्याउन सकिन्छ र यसबाट नै आर्थिक क्रान्ति वा समृद्धि सम्भव छ र यो नै वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।



**स्याउ आकृतिको प्रवेशद्वारः** मुस्ताङको घरपझोङ गाउँपालिकाको कार्यालय परिसरमा निर्माणाधीन स्याउ आकृतिको प्रवेशद्वार। घरपझोङ गाउँपालिकाले स्याउखेतीको प्रवर्द्धन र पहिचान बनाउन मौलिक किसिमको प्रवेशद्वार बनाएको हो। तस्बिरः सन्तोष गौतम/रासस

# नेप्से परिसूचक उकालो यात्रामा

काठमाडौं, २४ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार सामान्य अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक छ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार ७६६ दशमलव ३८ मा पुगेको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २१ अङ्कले उकालो लागेर ४८३ दशमलव ६८ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्य उकालो लाग्दा सात उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।





नेप्सेका अनुसार पाँच करोड नौ लाख ४६ हजार ८३२ कित्ता शेयर रु २० अर्ब सात करोड चार लाख ३४ हजार १०३ मूल्यमा खरीद–बिक्री भएका छन्। नेप्सका अनुसार विभिन्न छ कम्पनीका शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यसमा कर्णाली डेभलपमेन्ट बैंक, शिवम् सिमेन्ट, घोराही सिमेन्ट, मिड सोलु हाइड्रोपावर, सोनापुर मिनरल्स र सर्वोत्तम सिमेन्ट छन्।

यस्तै, एनआरएन इन्फास्ट्रक्चर आठ दशमलव शून्य चार, सानिमा बैंकको ऋणपत्र सात दशमलव ६९, आरम्भ चौतारी लघुवित्त चार दशमलव ९३, रुरु जलविद्युत् परियोजना चार दशमलव ८४ र हाथवे इन्भेस्टमेन्टका लगानीकर्ताले चार दशमलव ५६ प्रतिशतले गुमाएका छन्।

## आयुर्वेद ...

गिरिराजमणि पोखरेल हुनुहुन्थ्यो। उहाँहरूले मेरो आफ्नै संयोजकत्वमा कमिटी गठन गर्नुभयो। कमिटीले बुझाएको प्रतिवेदनमा आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता हासिल गर्न सकिन्छ भन्ने विषय उल्लेख थियो। काया चिकित्सा (जनरल मेडिसिन आयुर्वेद), पञ्चकर्म (स्वधन चिकित्सा आयुर्वेद), शल्य चिकित्सा (सर्जरी आयुर्वेद), सालक्य मुख तथा दन्त रोग, कौमारभृत्य (बाल रोग आयुर्वेद), स्त्री प्रसूति, मनोविज्ञान एवं मानसरोग (साइक्याट्रिक आयुर्वेद), रोग निदान एवं विकृति विज्ञान (ल्याब आयुर्वेद), अगततन्त्र एवं व्यवहार आयुर्वेद, द्रव्यगुण विज्ञान, रसशास्त्र, भैसज्य कल्पना (फार्मेसी), स्वस्थवृत (प्रिभेन्टिभ मेडिसिन आयुर्वेद), शरीर रचना (एनाटोमी आयुर्वेद) आदि गरी २२ वटा विषयको विशेषज्ञता हासिल गर्न सकिने भनेर प्रतिवेदनमा उल्लेख गरेको छ।

त्यो प्रतिवेदन पारित भएर त्रिभुवन विश्वविद्यालयको सिनेटमा गएपछि त्यस बेलाको शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग भेटेर कुरा राख्यौं। त्यति बेला उहाँले योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने क्रममा रहेको बताउनुभयो। योगमाया आयुर्वेद विश्वविद्यालयका लागि पनि जनशक्ति पनि चाहिन्छ र त्यो जनशक्ति एक दिनमैं तयार नहुने हुँदा आयुर्वेद क्याम्पसले यता तयार गर्दै जान सकिने हाम्रो सुझाव थियो। आयुर्वेदभन्दा बाहिरका आफ्ना गोजीका व्यक्तिलाई समिति र संयोजक बनाएका कारण अहिलेसम्म आयुर्वेद विश्वविद्यालय बन्ने योजना त्यतिकै थन्किन पुग्यो।

आयुर्वेदको शिक्षाको नियोजन गरेर कसैलाई पनि फाइदा भएको छैन। अहिले आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता छ र आयुर्वेद परिषद्मा पनि विभिन्न १५ वटा विषयका आयुर्वेद चिकित्सकहरू दर्ता भएर कार्यरत छन्। ती सबै विषयको अध्ययन यहाँ नेपालमा छैन। नेपालमा बिएएमएस र काया चिकित्सामा एमडी आयुर्वेदको पढाइ भएको छ। बाँकी विषयमा बाहिर गएर पढेर आएर यहाँ दर्ता भएका छन्। म आयुर्वेद परिषद्को पनि अध्यक्ष र आयुर्वेद क्याम्पसको विभागीय प्रमुखको साथै आयुर्वेद क्याम्पस सञ्चालक समितिको अध्यक्ष रहेको बेला भारतलाई पत्र लेखेर हाम्रो कोर्षलाई आधिकारिता प्रदान गरिदेऊ, हाम्रा विद्यार्थीले पढ्न पाएनन् भन्यौं। काउन्सिलले पत्र लेखेपछि डिन कार्यालयले भारत सरकार र काउन्सिललाई पत्र पठायो। आयुर्वेदप्रति भारत पनि सकारात्मक भएको कारणले अहिले आयुर्वेदका १५ विषयमा पिजी गर्ने व्यवस्था भारतमा छ र त्यहाँ पढेर आएपछि यहाँ दर्ता पनि छन् तर त्यो चीज हामीले यहाँ किन गर्न नसक्ने ? त्यसो भएको हुँदा यो विषयलाई उठान गर्नुपऱ्यो भन्ने लागेको हो।

अहिले विशेषगरी क्याम्पसले यस विषयलाई उठान गरेर लिएर जान सक्ने अवस्था र वातावरण देखिंदैन। यतिबेला आयुर्वेद क्याम्पस प्राध्यापकविहीन छ। यहाँ भएका प्राध्यापकहरू सेवानिवृत्त भए। अब अहिले त्यहाँ भएका जनशक्ति राजनीतिक दलका कार्यकर्ता जस्ता भएका छन्। सबैले आफू अमुक दलका हो भनेर जाने गरेका छन्। शैक्षिक क्षेत्रमा त्यसरी राजनीतिक कार्यकर्ता भएर चल्दैन। शैक्षिकरूपमा तटस्थ भएर काम गर्नुपर्ने हुन्छ। २०५९/६० सालतिर इन्स्टिच्युट अफ आयुर्वेद हुन नसक्ने अवस्थामा हामीले यता वीर अस्पताल प्रतिष्ठान बन्न सक्छ भने आयुर्वेद प्रतिष्ठान किन नबन्ने भन्ने अवस्थामा मन्त्रालयमा कुरा उठिसकेपछि मन्त्रालयले एउटा प्रस्तावना राष्ट्रिय आयुर्वेद प्रतिष्ठानको अवधारणा लेख्नका लागि तयारी गऱ्यो।

प्रस्तावना लेखियो, तयार पनि भयो, त्यसलाई पास पनि गरियो। आयुर्वेद प्रतिष्ठान खोल्ने भनी आधिकारिक निर्णय पनि भयो तर त्यो थन्किएर बस्यो। नरदेवी आयुर्वेदिक चिकित्सालयमा राख्ने गरी निर्णय पनि भएको थियो। किनभने प्रतिष्ठान बनाउनका लागि अस्पताल आवश्यक पर्छ, त्यसैले नरदेवीमा राख्ने निर्णय पनि भयो। त्यसको समन्वय आयुर्वेद क्याम्पस, आयुर्वेद रिसर्च सेन्टर, सिंहदरबार वैद्यखानासँग गर्ने भन्ने अवधारणामा त्यसलाई पास गरियो तर कार्यान्वयनमा आएको छैन। जनशक्ति पनि नेपालका लागि आवश्यक छ। यसका लागि धेरै ठूलो भौतिक पूर्वाधारको निर्माणतर्फ पनि जानुपर्दैन।

वीर अस्पतालको पूर्वाधारलाई लिएर प्रतिष्ठान बनेको छ। जुम्ला, पोखरा, धरानलगायत धेरै ठाउँमा यस्ता प्रतिष्ठानहरू बनेका छन्। त्यही अभ्यासका आधारमा आयुर्वेदको दक्ष जनशक्ति तयार गर्नका लागि आयुर्वेदका सबै क्षेत्रलाई लिएर आयुर्वेद प्रतिष्ठान स्थापना गरेर अगाडि बढ्न आवश्यक छ। अहिले कुनै दाग नलागेको र धेरैले आशा गरेको व्यक्ति प्रदीप पौडेल स्वास्थ्यमन्त्री बन्नुभएको छ। उहाँले यसतर्फ ध्यान दिएर मुलुकलाई फाइदा पुग्ने निर्णय गर्नुहुनेछ भन्ने विश्वास धेरैको छ। त्यसका लागि जस्तोसुकै सहयोग गर्न तयार छौं। अहिलेको मौजुदा जनशक्तिबाट पनि यो काम गर्न सम्भव छ।

आयुर्वेद शिक्षाकै कुरा गर्दा योगमाया

(बाँकी पाँचौं पातामा)

## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## सुरक्षाको कारण देखाउँदै सयौं बङ्गलादेशी भारतीय सीमामा

कोलकाता, २४ साउन/एएफपी

विद्यार्थी नेतृत्वको विद्रोहले प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट अपदस्थ गरेको केही दिनपछि सुरक्षाको समस्या देखाउँदै बङ्गलादेशका सयौं नागरिक भारत प्रवेशका लागि भारत–बङ्गलादेश सीमामा भेला भएका बिहीवार सुरक्षा अधिकारीहरूले बताएका छन् ।



भारत–बङ्गलादेश सीमानाका फूलबारीमा सीमा सुरक्षामा भारतीय बिएसएफ जवान । तस्वीरः एएफपी

हसिनाको निष्कासनपछि मुस्लिमबहुल बङ्गलादेशका केहीले उनीसँग निकट सम्बन्ध रहेको आशङ्कामा हिन्दूहरूको स्वामित्वमा रहेका केही व्यवसाय र घरहरूमा आक्रमण गरेका थिए ।

"सयौं बङ्गलादेशी नागरिक प्रायः हिन्दू, बङ्गलादेश–भारत सिमानामा भेला भएका छन्"–भारतको सीमा सुरक्षा बल (बिएसएफ)का उपमहानिरीक्षक अमित कुमार त्यागीले बताए ।

पश्चिम बङ्गाल राज्यको भारतीय सीमा क्षेत्रको अन्तिम बिन्दुमा २०० जना र पश्चिम बङ्गाल राज्यको जलपाईगुडी जिल्लामा ६०० भन्दा बढी भेला भएका त्यागीले बताए ।

"दुई देशबीच सीमामा कुनै पर्खाल नभएको कारण बिएसएफका जवानले भीडलाई टाढा राख्न मानव ढाल निर्माण गरेका थिए । अधिकारीहरूले सीमा क्षेत्रबाट भीड पन्छाउन हवाई फायर गरेका थिए"–उनले भने ।

सन् २००९ देखि सत्तामा रहेकी ७६ वर्षीया हसिनाले एक महीनाभन्दा बढी चलेको आक्रामक विरोध प्रदर्शनपछि सोमवार राजीनामा दिएकी हुन् । त्यसपछि बङ्गलादेशको सुरक्षा स्थितमा सुधार भएको छ तर उनका समर्थक र पार्टीका अधिकारीमाथि आक्रमणको खबर आएको छ । बङ्गलादेश हिन्दू, बौद्ध, क्रिश्चियन, युनिटी काउन्सिलले यस हप्ताको शुरूमा सोमवार कम्तीमा १० वटा हिन्दू मन्दिरमा आक्रमण भएको बताएको थियो । रासस

## प्यालेस्टिनी कैदीविरुद्ध दुर्व्यवहारप्रति ह्वाइट हाउस चिन्तित

वाशिङ्टन, डिसी, २४ साउन/एएनआई

इजरायली हिरासतमा रहेका प्यालेस्टिनी कैदीविरुद्ध बलात्कार, यातनालगायतका दुर्व्यवहारको रिपोर्टमा ह्वाइट हाउसका प्रेस सचिव करिन जिन–पियरेले गहिरो चिन्ता व्यक्त गरेका छन् ।

सङ्क्षिप्त पत्रकार भेटका क्रममा बोल्दै जीन–पियरेले अमेरिका सधैं स्पष्ट इजरायलको पक्षमा रहेको बताउँदै बन्दीहरूलाई मानवीय व्यवहार अन्तर्राष्ट्रिय कानून अनुसार गर्नुपर्ने बताएका हुन् ।

बन्दीहरूसँग मानवीय मर्यादाका साथ व्यवहार गरी बन्दीहरूको मानव अधिकारको सम्मान गर्नुपर्ने तथा दुर्व्यवहारका लागि जवाफदेहिता सुनिश्चित गर्नुपर्ने उनले बताएका छन् ।

इजरायली रक्षा बल सम्बद्ध सैनिकद्वारा प्यालेस्टिनी बन्दीहरूमाथि गम्भीर प्रकृतिका दुर्व्यवहार गरेको अनुसन्धानपछिको दाबीलाई समर्थन गर्दै पियरेले कानूनको पालना गरी विधिको शासन र उचित प्रक्रिया कायम हुनु आवश्यक रहेको बताए ।

उनले नेताहरूको पहलले मात्र यस क्षेत्रको तनावबारे कूटनीतिक सम्झौता गरी युद्धविराम र बन्धक मुक्तिको सम्झौतालाई निष्कर्षमा ल्याइने जानकारी गराए । यसबारे अमेरिकी राष्ट्रपति बाइडेनसमेतले केही समयदेखि चासो राख्दै आएको बताउँदै उनले सम्झौताका लागि निरन्तर काम गरी कैदीको मानव अधिकार संरक्षण र मध्यपूर्वको तनाव व्यवस्थापन गर्न प्रयासरत रहेको बताएका छन् । रासस


प्रेस्टिज भिनायल इन्डस्ट्रिजको (PVC & PU Fabric) उत्पादन गर्ने उद्योग निर्माण तथा सञ्चालनका लागि तयार गरिने

**प्रारम्भिक वातावरणीय परीक्षण तयारीसम्बन्धी सार्वजनिक सूचना**

(प्रथमपटक प्रकाशित मितिः २०८१/०४/२५)

मधेस प्रदेश, बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं ७ मा प्रेस्टिज भिनायल इन्डस्ट्रिजद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम | प्रेस्टिज भिनायल इन्डस्ट्रिज |
| ठेगाना | बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं ७ |
| प्रस्तावको बेहोरा | PVC & PU Fabric उत्पादन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला नपा | बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं ७ |
| कुल जग्गाको क्षेत्रफल | १५८९८.६३ वर्ग मिटर |
| कित्ता नं | २०१, २५२, ८२२, १०२२ |
| उत्पादन हुने वस्तु र क्षमता (वार्षिक) | PVC Fabric–6948 MT (1,29,60,000 Meter)<br>PU Fabric–93 MT (19,58,400 Meter) |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी यकीन गर्न सो स्थानको उ.म.न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१) बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं ७
२) श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं फोन नं. ०१–५३५६२११ इमेलः info@doind.gov.np
३) प्रेस्टिज भिनायल इन्डस्ट्रिज, जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं ७ Ph: 9855032037
४) ग्रीन हेराल्ड इन्भायरोमेन्ट एन्ड इन्जिनीयरिङ कन्सल्ट प्रा.लि., बानेश्वर, काठमाडौं–१०, फोनः ९८४६४०४११८



**VACANCY ANNOUNCEMENT**

Nepal Netra Jyoti Sangh/ Ram Kumar Mahabir Prasad Kedia Eye Hospital is (a tertiary level eye hospital known as R.M. Kedia eye Hospital or Parwanipur Eye hospital) seeking application for the following positions. Young, energetic and experienced candidates can apply for following Vacancies.

| Vacancy No. | POSITION | QUALIFICATION | REQUIREMENT | BENEFIT |
|---|---|---|---|---|
| RMEKH/OPH-01 | Pediatric Ophthalmologist | MD or MS in Ophthalmology and fellowship in pediatric Ophthalmology from recognized institution and registered in NMC | 1 | Competitive remuneration package (Terms and Conditions will be applied |
| RMKEH/Fello-01 | Anterior segment fellow (Recognized from NMC ) | MD or MS Ophthalmology from recognized institution and registered in NMC | 2 | Competitive Stipend package (Terms and Conditions will be applied |
| RMKEH/PM-01 | Ophthalmic Assistant | Diploma in Ophthalmic Science from recognized institution and registered in NHPC. | Few | Competitive remuneration package (Terms and Conditions will be applied. |
| RMKEH/PM-02 | EYE HEALTH WORKER/ANM | EYE HEALTH WORKER/ANM course from recognized institution and registered in NHPC/NNC. | Few | Competitive remuneration package (Terms and Conditions will be applied. |

Application deadline: - 15th days from the date of publication.
Candidates meeting above requirements are requested to submit an application letter along with updated CV to vacancy@kediaeyes.org
Job Location: RMKEH Network.




**काठको साँचोमा नागको प्रतिमा छापिंदैः** दाङको घोराही उपमहानगरपालिका–१७, चौघेरास्थित गोरक्षसिद्ध रत्ननाथ मठमा भोलि नाग पञ्चमीको दिन घरको दैलोमा टाँस्नका लागि नागको आकृति छाप्ने साँचोमा नागहरू अङ्कित चित्र छाप्दै । छापाखानाको विकास नहुँदासम्म नागको आकृति छाप्नका लागि मानवनिर्मित काठको साँचो प्रयोग गरिन्थ्यो । तस्बिरः कुलदीप न्यौपाने/रासस

## ब्लू डायमन्ड सोसाइटीद्वारा सञ्चारकर्मीलाई अभिमुखीकरण

प्रस, परवानीपुर, २४ साउन/

ब्लू डायमन्ड सोसाइटी काठमाडौंको आयोजनामा दुई दिने यौनिक तथा अल्पसङ्ख्यक समुदाय विषयक अभिमुखीकरण तालीम सम्पन्न भएको छ ।

काठमाडौंमा आयोजित तालीममा कोशी प्रदेशबाहेक छवटा प्रदेशबाट छजना र काठमाडौं उपत्यकाका तीनजना गरी नौजना पत्रकारको सहभागिता थियो ।

राष्ट्रियस्तरमा आयोजित अभिमुखीकरण कार्यक्रममा सो समुदायले भोग्नुपरेका समस्या र आगामी दिनमा सामाजिक, आर्थिक र न्यायिक चुनौतीका विषयमा राज्यबाट उपलब्ध गराउनुपर्ने सेवा, सुविधा एवं अधिकारका बारेमा वकालत गरिदिन आग्रह गरिएको थियो। यौनिक तथा अल्पसङ्ख्यक समुदायलाई समाजबाट हरेक ठाउँमा अपहेलित हुनुपरेको र अनावश्यक लाञ्छना लगाउने गरिएकाले यस सम्बन्धमा राज्य जिम्मेवार हुनुपर्ने प्रशिक्षकहरूले सुझाव दिएका थिए।



तालीममा लिङ्ग, लैङ्गिकता, यौनिक तथा अल्पसङ्ख्यक समुदाय, नेपालको संविधानमा उनीहरूले पाएका अधिकार, थप पाउनुपर्ने अधिकार, नागरिकता, विवाह, सम्पत्ति हस्तान्तरणलगायत विषयमा बृहत् छलफल भएको थियो ।

ब्लू डायमन्ड सोसाइटीकी कार्यक्रम संयोजक ट्रान्सजेन्टर वुमन पिटरको अध्यक्षतामा भएको कार्यक्रममा पुष्पा जोशीले प्रशिक्षण दिएकी थिइन् ।

### आयुर्वेद ...

आयुर्वेद विश्वविद्यालय बनाउने कुरा पनि त्यतिकै सेलाएर गरेको छ । भारतमा स्वास्थ्यलाई चाहिने जनशक्ति स्वास्थ्यले नै तयार गरेको छ । आयुर्वेद विभागले पनि आयुर्वेदतर्फको जनशक्ति सबै जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र छन्, प्रत्येक पालिकामा आयुर्वेद औषधालयहरू राख्ने कार्यक्रम थियो । ती ठाउँमा पनि जनशक्ति राख्नुपर्ने हुन्छ। प्रतिष्ठान सञ्चालनका लागि आयुर्वेद विभागले पनि यसलाई पहल गर्नुपर्ने आवश्यकता छ। आयुर्वेदमा दक्ष जनशक्ति नभई सेवा हुँदैन ।

अर्को पाटो सिंहदरबार वैद्यखानाको छ। नेपालका जडीबुटीहरू नेपालमैं उद्योग स्थापना गरेर जानुपर्ने हुन्थ्यो। वैद्यखानामा समिति भएर काम हुँदा त्यसले जति राम्रो काम गऱ्यो त्यहाँ बाहिरबाट मान्छे खोजेर लिएर जाँदाखेरि त्यसले काम गर्न सकेन। यस्ता ठाउँहरूमा विज्ञ व्यक्ति पठाउनुपर्छ, मन्त्रीको गोजीबाट पठाउने होइन । विषयविज्ञलाई उसको कार्यकालसम्म राजनीतिक हस्तक्षेप नगरी उसको कार्यकुशलता देखाउने अवस्था सिर्जना गर्नुपर्छ। त्यहाँ भएका उपकरण खिया लागेर गइसके, अहिले औषधि बन्दैन । सिंहदरबार वैद्यखाना हाम्रो इतिहास हो, दक्षिणपूर्वी एशियाको जेठो संस्था हो। झन्डै ३७५ वर्षभन्दा पुरानो संस्था हो । यो संस्थाको साख राख्न त्यहाँ विषयविज्ञ लगेर सञ्चालन गराउनुपर्छ।

नेपालमा भएका जडीबुटीहरू सरकारले सङ्कलन गरेर औषधिका रूपमा उपयोगमा ल्याउनुपर्छ। अहिले नेपालको वनबाट पूर्वमा सङ्कलन भएका जडीबुटी भारतको पटनामा जाने गरेको छ। त्यहाँ ठूलो सङ्ग्रहालय छ । त्यहाँ हिमालबाट बनेको जडीबुटी भनेर राखिएको छ ।

त्यस्तै, नेपालको पश्चिमतिर सङ्कलन भएका जडीबुटीहरू दिल्लीको लालकिल्लाको पश्चिमपट्टि खारीबोली भन्ने ठाउँमा राखिएका छन् । नेपालमा भएका जडीबुटीहरू उखेलेर भारततर्फ पुऱ्याइएको छ। जङ्गलमा कुरिलो खोज्दा अहिले नपाउने अवस्था छ। कुरिलोबाट साह्रै तागतिलो औषधि बन्छ, विशेषगरी बूढाबूढीले खाने औषधि बन्छ । अहिले यहाँ हामीकहाँ तरकारी खाने कुरिलो छ तर औषधीय गुणाले भरिएको जमीनमुनिको जरा खाने कुरिलो लोप हुने अवस्थामा पुगिसकेको छ । अझै पनि नेपालका हिमाली, पहाडी र तराई क्षेत्रमा धेरै जडीबुटी छन्। अहिलेको बजेटमा कस्तुरीपालनको कुरा आएको छ, यो भने निकै राम्रो कुरा हो। म वैद्यखानामा छँदा हिमाली क्षेत्रमा कस्तुरीपालन गर्नुपर्छ भनेर जग्गा खोजिएको थियो ।

नेपालका जडीबुटीलाई प्रशोधन गर्न भारतसँग गुहार माग्नुपर्दैन । अहिले रामदेवसँग गुहार मागिएको छ। उनले यहाँ कस्तो अवस्था बनाएका छन्, त्यो सरकाले बुझ्दैन । एउटा विदेशी आयो भने त्यसलाई काँध चढाएर हिंड्ने नेताहरूले हामी नेपालीहरूमा कसको खुबी के छ, कसले के गर्न सक्छ भनेर खोज्न नसक्ने भएका छन् । स्वाभिमान मान्छे मलाई यो चाहियो भनेर हिंड्दैन। ज्ञान र सीप भएका व्यक्तिलाई सरकारले खोजेर काम लिन सक्नुपर्छ, तब मात्रै आयुर्वेदको क्षेत्रमा परिवर्तन आउन सक्छ।

(आयुर्वेद चिकित्सा विज्ञानका विज्ञ प्राडा सापकोटासँग राससका परासी समाचारदाता टेकराज पोखरेलले गरेको कुराकानीमा आधारित)

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कडाश्रम | वृष | सुसमाचार |
| मिथुन | भयचिन्ता | कर्कट | मित्रमिलन |
| सिंह | धनलाभ | कन्या | सुयश |
| तुला | व्यर्थभ्रमण | वृश्चिक | धनलाभ |
| धनु | कर्मप्राप्ति | मकर | राज्यलाभ |
| कुम्भ | कष्टानुभूति | मीन | यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**युनिस्टार पुरुष छात्रावास**

महादेवस्थान, नयाँ बानेश्वर
ग्लोबल, कान्तिपुर, एम्बिशन कलेजनजीक
घरबाट टाढा भएपनि घरजस्तै वातावरण
**विशेषताः**
- मुख्य ठाउँमा, सफा र न्यानो कोठाहरू
- चौबीसै घण्टा वाइफाई र पानी
- स्वच्छ भान्साघर, पार्किङको सुविधा



खाना, खाजा र बास
प्रतिव्यक्ति रु १०,९९९/-

सम्पर्कः ९८४२१२७३७१, facebook.com/unistarhostel



सामुदायिक सेवा केन्द्र श्रीपुर मुर्लीले केही दिनदेखि पैदल यात्रीलाई जेब्रा क्रसिङबाट बाटो काट्न प्रशिक्षण दिंदै आएको छ। साथै सवारीसाधन चालकहरूलाई पनि जेब्रा क्रसिङ हुने ठाउँमा सवारीसाधन सुस्त गतिमा चलाउन जानकारी गराउँदै आएको छ। बिहीवार जेब्रा क्रसिङबाट विद्यार्थीहरूलाई बाटो काट्न सिकाउँदै एकजना ट्राफिक प्रहरी। तस्वीरः सौजन्य

# धुलिखेल अस्पतालको वार्ड भवनको उद्घाटन

प्रस, वीरगंज, २४ साउन/

'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको कुल परियोजना लागत नेरु ४.२६ करोड आर्थिक सहयोगमा निर्माण गरिएको काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिकास्थित धुलिखेल अस्पतालको वार्ड भवनको बिहीवार भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव अविनाशकुमार सिंहले उद्घाटन गरे।

नेपाल–भारत विकास सहकार्य अन्तर्गतको भारत सरकारको अनुदान सहयोग यस अस्पताललाई आवश्यक पर्ने अन्य सुविधासँगै वार्ड भवनको निर्माणमा उपयोग गरिएको थियो। भारत र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा अघि बढाइएको थियो। यस परियोजनाको कार्यान्वयन धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोकमार्फत गरिएको थियो। यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एउटा महत्त्वपूर्ण उदाहरण हो।

कार्यक्रममा धुलिखेल नगरपालिकाका प्रमुख, राजनीतिक प्रतिनिधि, धुलिखेल अस्पतालका कार्यकारी निर्देशक तथा प्रशासनिक निर्देशकले नेपाली जनताको उत्थानका लागि प्राथमिकताका क्षेत्रमा भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरे।

नवनिर्मित वार्ड भवनले नेपाली जनतालाई स्वास्थ्य सेवामा गुणस्तरीय




पूर्वाधार र राम्रो वातावरण उपलब्ध गराउन मदत गर्नेछ।

सन् २००३ यता भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा ५५१ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएको छ र ४९० वटा परियोजना सम्पन्न गरिसकेको छ। यीमध्ये काभ्रेपलाञ्चोक जिल्लाका सातवटा परियोजनासहित बाग्मती प्रदेशका विभिन्न क्षेत्रमा १०६ वटा परियोजना रहेका छन्। यसका साथै भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्यचौकी र शैक्षिक संस्थालाई १००९ एम्बुलेन्स र ३०० स्कूल बस उपहारस्वरूप प्रदान गरिसकेको छ। तीमध्ये काभ्रेपलाञ्चोक जिल्लालाई प्रदान गरिएका आठवटा स्कूल बस र १६ वटा एम्बुलेन्ससहित बाग्मती प्रदेशलाई २३६ वटा एम्बुलेन्स र ९८ वटा स्कूल बस उपहारस्वरूप प्रदान गरिएको छ, जसमा भारत सरकारले सन् २०२१ जनवरीमा यस अस्पतालका लागि एउटा एम्बुलेन्स (एडभान्स लाइफ सपोर्ट) उपहारस्वरूप प्रदान गरेको थियो। यस एम्बुलेन्सले स्वास्थ्योपचारमा पहिलो सेवा दिंदै आकस्मिक स्वास्थ्य सेवाको लागि महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ।







## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाइबाट औंलो (मलेरिया), डेङ्गी, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ,
- लामखुट्टेको टोकाइबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं,
- घरवरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफासुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## पेरिस ओलम्पिक : अमेरिका २७ स्वर्णसहित शीर्ष स्थानमा

पेरिस, २४ साउन/एएफपी

सोमवारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिका २७ स्वर्ण, ३५ रजत र ३२ कांस्यसहित सबैभन्दा बढी ९४ पदकसहित अङ्कतालिकामा शीर्ष स्थानमा रहेको छ। चीन, अस्ट्रेलिया, फ्रान्स, बेलायत, दक्षिण कोरिया, जापान, इटाली,



तस्वीरः एजेन्सी

नेदरल्यान्ड्स र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन्।

दोस्रोमा चीनले २५ स्वर्ण, २३ रजत र १७ कांस्यसहित कुल ६५ पदक हात पारेको छ भने अस्ट्रेलियाले १८ स्वर्ण, १२ रजत र ११ कांस्य पदकसहित कुल ४१ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ।

त्यसैगरी, चौथो स्थानमा रहेको फ्रान्सले १३ स्वर्ण, १७ रजत र २१ कांस्यसहित ५१ पदक जितेको छ भने पाँचौं स्थानमा बेलायतले १२ स्वर्ण, १७ रजत र २० कांस्यसहित कुल ४९ पदक जितेको छ।

पदक तालिकामा छैटौं स्थानमा रहेको दक्षिण कोरियाले १२ स्वर्ण, आठ रजत र सात कांस्यसहित कुल २७ पदक जितेको छ भने जापान १२ स्वर्ण, छ रजत र १३ कांस्यसहित ३१ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ।

आठौं स्थानमा रहेको इटालीले नौ स्वर्ण, १० रजत र आठ कांस्यसहित कुल २७ पदक जितेको छ भने नेदरल्यान्ड्स नौ स्वर्ण, पाँच रजत र छ कांस्यसहित कुल २० पदक जित्दै नवौं स्थानमा छ। जर्मनी आठ स्वर्ण, पाँच रजत र पाँच कांस्यसहित कुल १८ पदक जितेर शीर्ष १० मध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ। रासस

## मछिन्द्र र पुलिसको खेल बराबरीमा सकियो

काठमाडौं, २४ साउन/रासस

राजधानीमा जारी ललित स्मृति एन्फा यू–१८ युथ लिग फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार भएको मछिन्द्र फूटबल क्लब र नेपाल पुलिस क्लबबीचको खेल बराबरीमा सकिएको छ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा आज भएको खेलमा दुवै टोलीले तीन/तीन गोलको बराबरी खेल्दै एक/एक अङ्क बाँडेका छन्। खेलसँगै आठ खेलमा १५ अङ्क जोडेको मछिन्द्र चौथो स्थानमा छ। त्यस्तै, समान आठ खेल खेलेको पुलिस २० अङ्कका साथ अङ्कतालिकाको शीर्ष स्थानमा छ।



आजको खेलमा मछिन्द्रका लागि पदम तामाङ, प्रशान्त मेन्याङ्बो र रोनिक रानामगरले गोल गरे भने पुलिसका लागि विक्रम गौतम, कप्तान सुवास बम र सुजलमान घलेले समान एक/एक गोल गरे।

खेलको ३०औं मिनेटमा पदमको गोलमार्फत मछिन्द्रले अग्रता लिएको थियो। त्यसपछि खेलको ५४औं मिनेटमा प्रशान्तले टोलीको अग्रता दोब्बर बनाए। पुलिसका खेलाडी विक्रमले खेलको ७५औं मिनेटमा गोल गर्दा खेल २–१ को स्थितिमा थियो।

त्यस्तै, मछिन्द्रका रोनिकले खेलको ७७औं मिनेटमा गोल गर्दै खेललाई ३–१ ले अगाडि बढाए। अनिश थिङले खेलको ७९औं मिनेटमा दोहोरो पहेंलो कार्ड बेहोर्दै मैदान छाडेपछि मछिन्द्र १० खेलाडीमा सीमित बनेको थियो।

खेलको निर्धारित समय सकिन पाँच मिनेट बाँकी छँदा पुलिसका सुवासले खेललाई ३–२ को स्थितिमा ल्याए। त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा सुजलमानले गोल गरेपछि खेल ३–३ गोलको बराबरीमा सकियो।

## महिला भलिबल फ्रेन्चाइज लिग टोलीको नाम सार्वजनिक

काठमाडौं, २४ साउन/रासस

नेपालमा पहिलोपटक आयोजना हुन लागेको महिला भलिबल फ्रेन्चाइज लिग एभरेस्ट वुमन्स भलिबल लिग टोलीको नाम बिहीवार सार्वजनिक भएको छ।

इन्फिनिटी ड्रिम्सद्वारा आयोजित




कार्यक्रममा प्रतियोगितामा विभिन्न छ फ्रेन्चाइज टोलीको सहभागिता हुने जानकारी दिइयो। जसमा काठमाडौं, ललितपुर, गण्डकी, चितवन, कर्णाली र मधेसबाट टीम राखिएका छन्।

इन्फिनिटी ड्रिम्सले महिला फ्रेन्चाइज लिगका लागि नेपाल भलिबल सङ्घसँग सात वर्षका लागि यस अघि नै सम्झौता गरिसकेको छ। लिग गरेबापत कम्पनीले भलिबल सङ्घलाई वार्षिक रु २५ लाख दिनेछ। उक्त प्रतियोगिताको मिति भने सार्वजनिक गरिएको छैन।

आयोजक इन्फिनिटी ड्रिम्सका प्रबन्ध निर्देशक आमिर अख्तरले केही दिनमैं मिति सार्वजनिक पनि गरिने जानकारी दिए। त्यस्तै, फ्रेन्चाइज टोलीले केही दिनमैं आआफ्नो टोलीको नाम सार्वजनिक गरिने बताइएको छ। कार्यक्रममा मधेसले भने आफ्नो टोलीको नाम मधेस युनाइटेड राखेको जानकारी दिइयो।

प्रतियोगिताको लागि प्रत्येक टोलीमा १२ जना खेलाडी हुनेछन्। त्यसमा नौजना नेपाली र तीनजना विदेशी खेलाडी रहने आयोजकले जनाएको छ।